जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

आत्महत्या समस्याको समाधान होइन,
अमुल्य जीवन त्यसै खेर नफालौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ९८ • २०७९ साल भाद्र १० गते शुक्रबार (26 August, Friday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मन्दिरको जग्गा किर्ते गरी बिक्री गर्ने ३१ जनाविरुद्ध आरोपपत्र

**टुडे समाचारदाता**

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन जनकपुर गुठी तहसिल तथा खर्च कार्यालयका तत्कालीन प्रमुख मधुप्रसाद बस्ताकोटीसहित ३१ जनाविरुद्ध आरोपपत्र दर्ता गरेको छ ।

ज न क प ु र का पिडारीचोक र रत्नसागर मन्दिरको नाममा रहेको जग्गा व्यक्तिको नाममा पास गरेको आरोपमा विशेष अदालतमा अख्तियारले आरोपपत्र दायर गरेको प्रवक्ता श्यामप्रसाद भण्डारीले बताएका छन् ।

गैरकानूनी रूपमा व्यक्ति विशेषको नाममा दर्ता कायम, नापनक्सा, हालसाविक गर्ने गराउने गरी पत्राचार गर्ने, निर्णय गर्नको लागि गलत राय सहित टिप्पणी पेस गर्ने तथा स्वीकृत दिने समेतका गैरकानूनी क्रियाकलापमा संलग्न भएको भेटिएको अख्तियारले जनाएको छ ।

तत्कालीन कार्यालय प्रमुख बस्ताकोटीले सरकारको नाममा रहेको सार्वजनिक जग्गा कुमार खड्गविक्रम शाहको नाममा दर्ता कायम हुने गरी मालपोत कार्यालय धनुषालाई पत्र लेखेको पाइएको अख्तियारले बताएको छ । बस्ताकोटीले भ्रष्टाचार गरेको भन्दै अख्तियारले उनीसँग २९ करोड ८८ लाख ८१ हजार बिगो मागदाबी गरिएको छ । कुमार खड्गविक्रम तत्कालीन राजपरिवारका ज्वाइँ हुन् । उनको नारायणहिटी दरबार हत्याकाण्डमा मृत्यु भएको थियो ।

**मालपोत कार्यालय धनुषाका तत्कालीन नायब सुब्बा यमुनाप्रसाद पंजियारविरुद्ध सरकारी स्वामित्वको जग्गा व्यक्तिको नाममा दर्ता गराएको आरोप छ ।**

त्यस्तै मालपोत कार्यालय धनुषाका तत्कालीन नायब सुब्बा यमुनाप्रसाद पंजियारविरुद्ध सरकारी स्वामित्वको जग्गा व्यक्तिको नाममा दर्ता गराएको आरोप छ । उनीसँग पनि २९ करोड ८८ लाख ८१ हजार बिगो मागदाबी गरिएको छ ।

त्यस्तै मालपोत कार्यालय धनुषाका तत्कालीन खरिदार जगदेव कामतीसँग पनि २९ करोड ८८ लाख ८१ हजार बिगो मागदाबी गरिएको छ। त्यस्तै कुमार खड्ग विक्रम शाहले पनि गुठी संस्थान र मालपोत कार्यालयका कर्मचारीलाई प्रभाव र प्रलोभनमा पारी सरकारलाई हानि पुऱ्याउने काम गरेको अख्तियारको ठहर छ । उनको मृत्यु भइसकेकाले उनका हकवालासँग बिगो र क्षतिपूर्ति भराउन माग गरिएको छ। उनका हकवालाबाट २९ करोड ८८ लाख ८१ हजार बिगो माग दाबी गरिएको छ।

त्यस्तै कुमार खड्ग विक्रम शाहका नामबाट समेत अन्य व्यक्तिका नाममा पनि जग्गा नामसारी भएको पाइएको छ। ती जग्गा जनकपुरका विभिन्न २७ जनाको नाममा नामसारी भएको अख्तियारले जनाएको छ। उनीहरूबाट उनीहरूको नाममा रहेको सरकारी जग्गा जफत गरी सरकारकै नाममा कायम गराउन माग दाबी गरिएको छ।

# मधेशमा कांग्रेसले ६४ प्रतिनिधि खटाए

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस मधेश प्रदेशले आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गर्दै 'जनताको साथमा कांग्रेस' अभियानका लागि ८ वटै जिल्लामा प्रदेश प्रतिनिधि खटाएको छ ।

कांग्रेसले भदौ १० देखि २४ गतेसम्म हुने अभियानका लागि प्रदेश सदस्यहरूलाई प्रतिनिधिको रूपमा खटाएको हो । प्रदेश अध्यक्ष कृष्ण यादवका अनुसार प्रदेश प्रतिनिधिलाई वस्तुस्थिति बुझ्नेदेखि बन्न बाँकी रहेका संगठन उम्मेदवारको मूल्यांकन र संरचना निर्माणसम्मको जिम्मेवारी तोकिएको छ ।

'प्रदेशहरूलाई भदौ १० भित्र अनिवार्य जिल्ला पुग्न निर्देशन दिइएको छ, ' प्रचारप्रसार विभाग प्रमुख नितेश कुमार गुप्ताले भने, ' प्रदेश प्रतिनिधिलाई वस्तुस्थिति बुझ्न, बन्न बाँकी रहेका संगठन संरचना निर्माण र पार्टीका उम्मेदवारलाई विजयी बनाउने गरी अभियान सञ्चालनको जिम्मेवारी दिइएको छ।'

पार्टी नेता एवं सांसद प्रदीप गिरिको निधनका कारण शोकमा रहेकाले कांग्रेसले अभियान केही दिन पछि सारेको हो । कांग्रेसले सूचना सचार तथा प्रचारप्रसार विभाग प्रमुख नितेश कुमार गुप्तालाई सर्लाही जिल्लामा प्रतिनिधिका रूपमा खटाएको छ ।

कांग्रेसले खटाएको प्रतिनिधिहरुमा सप्तरीको १ को 'क' मा नितु झा, 'ख' मा अख्तर अली, २ को 'क' मा विन्दा कार्की, 'ख' मा शीतलप्रसाद यादव, ३ को 'क' मा रेखाकुमारी यादव, र 'ख' मा सरोज यादव, ४ को 'क' मा राजदा खातुन र 'ख' मा प्रमेश पोखेललाई पठाएको छ ।



त्यस्तै सिरहाको निर्वाचन क्षेत्र नम्बर १ को 'क' मा बुने ल राम र 'ख' मा शर्मिला थापा, २ को 'क' मा रामबाबु साह र 'ख' मा मदन बहादुर विक, ३ को 'क' मा धर्मलाल राय र 'ख' मा जसोधाकुमारी यादव, ४ को 'क' मा सोनी कुमारी बोज्जन र 'ख' मा ध्रुव प्रसाद रिजाललाई पठाएको छ ।

यस्तै धनुषाको निर्वाचन क्षेत्र नम्बर १ को 'क' मा नुरुन नेसा र 'ख' मा सुरेश प्रसाद यादव, २ को 'क' मा सुरेश लाल कर्ण र 'ख' मा रेखा यादव, ३ को 'क' मा नरेन्द्र यादव र 'ख' मा शिव नारयाण यादव, ४ को 'क' मा सुनिल ठाकुर र 'ख' मा लक्ष्मण प्रसाद ठाकुरलाई पठाएको छ ।

त्यस्तै महोत्तरी निर्वाचन क्षेत्र नम्बर १ को 'क' मा हरिनारायण साह र 'ख' मा भावना ढुङ्गेल घिमिरे, २ को 'क' मा राजकिशोर यादव र 'ख' मा बासुलाल महतो, ३ को 'क' मा बालेश्वर मण्डल र 'ख' मा सुरेश ठाकुर हजाम, ४ को 'क' मा रचना श्रेष्ठ माथेमा र 'ख' मा जीवनाथ चौधरीलाई पठाएको छ ।

त्यस्तै सर्लाहीको निर्वाचन क्षेत्र नम्बर १ को 'क' मा सुर्यवहादुर थापा र 'ख' मा अञ्जु झा, २ को 'क' मा नितेशकुमार गुप्ता र 'ख' मा रविन चन्द कोइराला, ३ को 'क' मा अरुण कुमार साह र 'ख' मा अच्छेलाल राय यादव, ४ को 'क' मा राजेश गिरी र 'ख' मा नागेन्द्र साहलाई पठाइएको छ ।

त्यस्तै रौतहटको निर्वाचन क्षेत्र नम्वर १ को 'क' मा उदय नारायण चौधरी र 'ख' मा सर्मिला थापा, २ को 'क' मा रामबाबु साह र 'ख' मा मदन बहादुर विक, ३ को 'क' मा धर्मलाल राय र 'ख' मा जसोधाकुमारी यादव, ४ को 'क' मा सोनी कुमारी गुञ्जन र 'ख' मा ध्रुव प्रसाद रिजाललाई पठाइएको छ।

त्यस्तै बाराको निर्वाचन क्षेत्र नम्वर १ को 'क' मा पिंकी साह र 'ख' मा ममता महतो, २ को 'क' मा नितेन्द्र साह र 'ख' मा प्रेमशंकर सिंह, ३ को 'क' मा ताज अलि अन्सारी र 'ख' मा रामाकान्त चौरसिया, ४ को 'क' मा अर्चना चौधरी र 'ख' मा किरणकुमारी शर्मालाई पठाइएको छ ।

त्यस्तै पर्सा निर्वाचन क्षेत्र नम्वर १ को 'क' मा मनमाया तमांगनी र 'ख' मा उषा देवकोटा, २ को 'क' मा संजयकुमार चौरसिया र 'ख' मा मो. अतिउर रहमान, ३ को 'क' मा सीताकुमारी पासवान र 'ख' मा शान्ति सिंह, ४ को 'क' मा सीताकुमारी मैनाली र 'ख' मा उपेन्द्र जयसवालाई पठाइएको मुख्य सचिव सन्तु प्रसाद यादवले जनाएका छन् ।

## गठबन्धन दलको दाबी २२७ सिटमा !

**टुडे समाचारदाता**

काठमाण्डु । सत्ता गठबन्धनमा सिट बाँडफाँटका लागि बनेको कार्यदलमा दलहरूले सिटको दाबी पेस गरेका छन् ।

बिहीबार साँझ प्रधानमन्त्रीको निवास बालुवाटारमा बसेको कार्यदलको बैठकमा दलहरूले आ-आफ्नो दाबी पेस गरेका छन् । देशभर प्रतिनिधिसभा सदस्यका लागि १६५ क्षेत्रमात्रै छन् । तर, गठबन्धन कार्यदलमा दलहरुले २२७ सिटमा दाबी पेस गरेका छन् ।

बैठकमा नेपाली कांग्रेसले १०० सिटमा दाबी पेस गरेको छ । त्यस्तै, नेकपा माओवादी केन्द्रले ६०, नेकपा एकीकृत समाजवादीले ४०, जनता समाजवादी पार्टीले २५ र राष्ट्रिय जनमोर्चाले दुई सिटमा दाबी गरेको बैठकमा सहभागी एक नेताले जानकारी दिए ।

नेताहरुका अनुसार यसअघिका बैठकमा दलहरुले सिट संख्यामा औपचारिक दाबी पेस गरेका थिएनन् । ती नेताका अनुसार कार्यदलमा देशभरका कुन क्षेत्रमा कुन दलको कस्तो अवस्था छ भन्नेबारे मत विश्लेषणको काम समेत थालेको छ । 'कुन क्षेत्रमा कसको कस्तो अवस्था छ भनेर सामान्यतः छलफल भएको छ । अब केही होमवर्क आवश्यक छ, त्यो शुक्रबार ४ बजे पुनः बैठक बसेर टुंगोमा पुग्छौं,' कार्यदलका ती सदस्यले भने ।

बिहीबार बिहान बसेको गठबन्धन बैठकले कार्यदललाई शुक्रबारसम्म देशभर संघ र प्रदेशमा कुन क्षेत्रमा कुन दलको कस्तो अवस्था छ भनेर तथ्यांक विश्लेषण गर्ने जिम्मेवारी दिएको छ ।

सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले गठबन्धनले दिएको जिम्मेवारीअनुसार बिहीबारदेखि १६५ वटै निर्वाचन क्षेत्रका अवस्थाबारे समीक्षा भइरहेको बताए ।

'हामीले सबै निर्वाचन क्षेत्रको अवस्था कस्तो छ ? भनेर समीक्षा थालेका छौं । हामीबीच खुलस्त दाबी प्रस्तुत गर्ने कामसमेत भयो,' उनले भने, 'हामी त्यसलाई न्यायसंगत ढंगले टुंगोमा पुऱ्याउनेछौं ।'

साउन २० मा गठन भएको कार्यदलले सिट बाँडफाँटमा सहमति जुटाउन नसकेपछि निष्क्रियजस्तै बनेको थियो । सिटको भागबन्डा मिलाउन शीर्ष नेताहरू आफैं छलफलमा जुटेका थिए ।

**माओवादी केन्द्रले भने चुनावपछि आफूलाई संसद्को दोस्रो शक्ति बन्ने लक्ष्य लिएर सिटको दाबी गरिरहेको छ । माओवादी एक्लैले ६० सिट दाबी गर्दै आएको छ ।**

बिहीबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा बसेको गठबन्धनको बैठकले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन क्षेत्रको मतपरिणामको आधारमा कुन क्षेत्रमा कुन दलको कस्तो अवस्था छ भन्ने विवरण तयार गर्न पुनः कार्यदललाई नै जिम्मेवारी दिएको थियो ।

'शीर्ष नेताहरूले सबै निर्वाचन क्षेत्रमा कसको कस्तो अवस्था छ भनेर प्रतिवेदन तयार गर्न कार्यदललाई निर्देशन दिएको छ, अब त्यहीअनुसार कार्यदलले छलफल थाल्छ,' उनले भने । बैठकमा सहभागी अर्का नेताले बिहीबारदेखि नै त्यसबारे काम सुरू भइसकेको, र शुक्रबारसम्म कार्यदलले त्यससम्बन्धी प्रतिवेदन गठबन्धनमा बुझाउने तयारी रहेको बताए । कार्यदलले बिहीबारदेखि नै छलफल थालिसकेको छ ।

'गठबन्धनको निर्देशनबमोजिम हामीले सबै निर्वाचन क्षेत्रमा कुन दलको अवस्था के छ भनेर तथ्यांकको विश्लेषण भइरहेको छ,' ती नेताले भने, 'अहिले गठबन्धनमा रहेका पाँच दल १६५ वटै प्रतिनिधिसभा निर्वाचन क्षेत्र र ३३० वटै प्रदेश सभा निर्वाचन क्षेत्रमै चुनावी तालमेल गर्ने भन्ने समझदारी छ । त्यहीअनुसार कार्यदलमा पनि छलफल भइरहेको छ ।'

गठबन्धनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा छन् । कांग्रेस सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवा चुनावपछि हुने सत्ता समीकरणमा आफूलाई लाभ हुने गरी सिटको भागबण्डा मिलाउने दाउमा छन् ।

कार्यदलमा कांग्रेस महामन्त्री गगन थापाले कांग्रेसले १०० सिट पाउनुपर्ने दाबी गरेका छन् । 'कांग्रेसले १०० सिट नपाए गठबन्धन दलले चाहेजसरी चुनावी तालमेल नहुन सक्छ, त्यो सबैका लागि जोखिमपूर्ण छ, हामीले यहाँबाट सिटको भागबन्डा गर्दैमा मतदाताले जहाँ भन्यो त्यही मतदान गर्दैनन्, १०० सिटभन्दा कम भयो भने कांग्रेसले पार्टीभित्रको शक्ति संघर्षलाई सम्हाल्न सक्दैन,' थापाको भनाइ छ । थापाले कार्यदलमा गठबन्धन दलका नेताहरू त्रसित हुने गरी देशभरि विद्रोह र स्वतन्त्र उम्मेदवारी हुन सक्ने जोखिमसमेत देखाएका छन् ।

कांग्रेस सभापति एवं प्रधानमन्त्री देउवा भने त्योभन्दा लचक भएरै भए पनि चुनावी तालमेल गर्नुपर्ने पक्षमा छन् । देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसमेतको विश्वासमा सिट बाँडफाँट कार्यदलको संयोजक बनेका नेता सिटौलाले भने कांग्रेसले ९० सिट राखेर बाँकी सिट अन्य दलबीच भागबन्डा गर्नुपर्ने भन्दै आएका छन् ।

गठबन्धनको एक घटक जनता समाजवादीको बलियो पकड रहेको क्षेत्रमा मधेशमा कांग्रेसको ५० प्रतिशत दाबी छ । त्यसबाहेक सिटमा कांग्रेसले नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीलाई मिलाएर तालमेलको प्रयास गरिरहेको छ ।

माओवादी केन्द्रले भने चुनावपछि आफूलाई संसद्को दोस्रो शक्ति बन्ने लक्ष्य लिएर सिटको दाबी गरिरहेको छ । माओवादी एक्लैले ६० सिट दाबी गर्दै आएको छ ।

०७४ मा एक सिट जितेको जनमोर्चाले गठबन्धनमा यसपटक दुई सिट दाबी गरिरहेको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ भाद्र १० गते सम्म
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL &
TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हास्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851



# जनमत पार्टीको चुनावी अभियान शुरु

**टुडे समाचारदाता**

राजविराज । जनमत पार्टीका अध्यक्ष डा.सिके राउतले विभिन्न राजनितिक दलले मुलुकमा पालै पालो शासन गरेपनि जनताको अवस्था भने अझै विकराल बन्दै गएको बताएका छन् । तिलाठी कोइलाडी गाउँपालिका- ६ जिरिया हाटमा आयोजित आम सभामा उनले यस्तो बताएका हुन् । काँग्रेस, कम्युनिष्ट र मधेशवादी दलले चलाएको सरकार आफूहरुले हेरिसकेको र उनीहरुको सरकारका पालामा जनताको अवस्था अझै दयनीय भएको भन्दै उनीहरुलाई 'म्याद सकिएको औषधिको संज्ञा दिए ।




शासन गरिसकेका दलहरुबाट मुलुकले गति लिन नसक्ने दाबीका गर्दै उनले भने -'थोत्रा गाडीबाट यात्रा सुनश्चित हुन सक्दैन, यी दलहरु त्यस्तै थोत्रा गाडी हुन ।'आफू नेतृत्वको पार्टीलाई 'बुलेट ट्रेन' भन्दै उनले यही ट्रेनले मुलुकलाई गन्तव्यमा पुऱ्याउने जिकिरका साथ थोत्रा गाडीका रुपमा रहेका शासन गरिरहेका दलहरुलाई छाडेर आफूहरुलाई आगामी निर्वाचनमा साथ दिनका लागि आग्रह समेत गरे । कसैले प्रजातन्त्रको नाममा, कसैले सर्वहाराका नाममा अनि कसैले मधेशका नाममा अहिलेसम्म जनतालाई झुक्याएर शासन गरेपनि त्यो सबै झुटको पुलिन्दा रहेको बताउँदै उनले भने -'राणा प्रधानमन्त्री चन्द्रशमशेरको पालामा नै खाद्यान्नमा आत्मनिर्भर रहेको मधेशमा अहिले अर्बौको धान भारतबाट ल्याउनुपर्ने अवस्था छ भने तिनको झुटको खेतीलाई कति दिन पत्याउने ।'

उनले मधेशवादी दलहरुले चुनावको बेला मतदातालाई गर्ने गरेको वाचा जितेपछि विर्सिने गरेको दोषारोपण गर्दै त्यस्तालाई आगामी निर्वाचनमा तह लगाउन अपिल गरे । जिल्लाको निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य पदका लागि यस अघिनै आफू उम्मेदवार हुने घोषणा गरिसकेको उनले पार्टीका नेता कार्यकर्तालाई संगठन निर्माण र चुनावको तयारीका लागि जनतामा जान निर्देशन समेत दिए । जिल्ला सचिव थानेश्वर साहद्वारा संचालित आमसभामा पार्टीका केन्द्रीय कोषाध्यक्ष ई. सुर्यनारायण यादव, तिलाठी कोइलाडी गाउँपालिकाका निवर्तमान अध्यक्ष सत्तिश कुमार सिंह लगायतले पनि सभालाई सम्बोधन गरे । आमसभाको बीच-बीचमा स्थानीय कालाकारहरुद्वारा चुनावी प्रचार प्रसार सम्बन्धि गीत र नृत्य समेत प्रस्तुत गरिएको थियो ।

**निवर्तमान पालिका अध्यक्ष सिंहसहित दुई हजार जनमतमा प्रवेश**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका निवर्तमान अध्यक्ष सतिश कुमार सिंह जनमत पार्टीमा प्रवेश गरेका छन् । उनी लोसपा परित्याग गरी जनमत पार्टीमा प्रवेश गरेका हुन् । उनीसँगै विभिन्न पार्टी परित्याग गरी २ हजार व्यक्ति जनमत पार्टीमा प्रवेश गरेको जिल्ला सचिव थानेश्वर साहले जानकारी दिए । जनमत पार्टीद्वारा विहिवार आयोजित आमसभामा पार्टी प्रवेश गरेकाहरुलाई पार्टी अध्यक्ष डा. सिके राउतले फूल माला अविर लगाई स्वागत गरेका थिए ।

लामो समयदेखि राजनीतिकमा सक्रिय निवर्तमान गाउँपालिका अध्यक्ष सिंहलाई आगामी मंसिर ४ गते हुने निर्वाचनमा जनमत पार्टीले सप्तरीको क्षेत्र नं. २ (क) बाट प्रदेशसभा सदस्यका लागि उम्मेदवार बनाउने लगभग निश्चित भएको जनमत पार्टी श्रोतले जनाएको छ ।

# वडा कार्यालय भवन बनाउन जग्गादान

**टुडे समाचारदाता**

महोत्तरी । गौशाला नगरपालिका-१२ लक्ष्मीनियाका राजकुमार महतोले वडा कार्यालय भवन निर्माणका लागि दुई कठ्ठा जग्गा उपलब्ध गराएका छन् । सो जग्गाको मूल्य २५ लाख बराबरको भएको जनाइएको छ ।

गौशाला नगर प्रमुख डा दीपेन्द्र महतोले जग्गा प्राप्तिपछि वडा कार्यालयको भवन निर्माणको काम थालिने जानकारी दिए । वडाका सबै बस्तीको पायक पर्नेगरी जग्गा उपलब्ध भएको गौशाला-१२ का वडाध्यक्ष कुशेश्वरसिंह कुशवाहाले जानकारी दिए ।

गौशाला-१२ मा सार्वजनिक हितका लागि जग्गाधनीले देखाएको चासोले वडावासी सबै उत्साहित छौं' उनले भने, अब कार्यालय भवन निर्माणको प्रक्रिया तत्काल थालिने छ ।'

यसअघि लक्ष्मीनियाकै इमलीबजारमा स्वास्थ्यचौकी भवनका लागि स्थानीयवासी रामा महतोले तीन कठ्ठा जग्गा दिएका थिए । सो ठाउँमा हाल सुविधासम्पन्न स्वास्थ्यचौकी भवन निर्माण भएर सेवा सञ्चालनमा छ ।

# मुख्यमन्त्री कार्यालयमा तालाबन्दी गर्ने १२६ जना रिहा




**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयमा तालाबन्दी गर्न खोज्दा पक्राउ परेका १२६ जना रिहा भएका छन् । विहीबार साँझ उनीहरुलाई रिहा गरिएको हो ।

चुरे तथा वन जंगल संरक्षण सम्बन्धी विभिन्न माग गर्दै उनीहरुले तालाबन्दी गर्न पुगेको थियो । दिउसो प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिएर साझ रिहा गरेको धनुषाका प्रहरी नायव उपरीक्षक प्रदीप बहादुर क्षेत्रीले जानकारी दिए । उनका अनुसार उनीहरुले मुख्यमन्त्री कार्यालयमा तालाबन्दी गर्न खोज्दा र पुतला दहन गर्दा पक्राउ गरेको थियो । यसअघि पनि उनीहरुले मुख्यमन्त्री कार्यालय अगाडि प्रर्दशन गर्दा पक्राउ गरी 'अवदेखि यस प्रकारको कार्यक्रममा सहभागि नहुने' सर्त गरी रिहा गरेका थिए । तर पुनः त्यही प्रकृतिको आन्दोलन गर्दै आएको छ ।

आफ्नो माग प्रति प्रदेश सरकार उदासिन रहेको भन्दै उनीहरु प्रर्दशन गर्दा प्रहरीसँग झडप पनि भएको थियो । यद्पी कोही घाइतको भएको छैन् । तानातानमात्रै भएको प्रहरी नायव उपरीक्ष क्षेत्रीको भनाई छ । प्रर्दशनकारीहरु मधेश भवन प्रवेश गर्न बल प्रयोग गरिरहेको थियो भने प्रहरीले रोक्न बल प्रयोग गरिरहेको थियो ।

उनीहरुले मुख्यमन्त्री लालबाबु राउत र उद्योग, प्रर्यटन वन तथा वातावरण मन्त्री शत्रुधन महतोको पुतलासमेत जलाएका छन् । उनीहरु डेढ महिनादेखि जनक चोकमा आन्दोलनरत छन् । ०७८ भदौ ४ गते उनीहरुसँग प्रदेश सरकारले सम्झौता गरेको थियो । उक्त सम्झौता कार्यानव्यन नगरेको भन्दै उनहिरुले आन्दोलन गर्दै आएका छन् ।

सम्झौता कार्यानव्यन गर्नुपर्ने, भुमाफियाले अतिक्रमण गरेको वनको जग्गा फिर्ता लिनु पर्ने, रोक्नु पर्ने र वास्तविक भुमिहीन सुकुम्वासीलाई जग्गा दिनुपर्ने माग गरेका छन् । सिरहा मिर्चैयास्थित मारुती सिमेन्ट उद्योगले वनको जग्गा अतिक्रमण गरेको उनीहरुको आरोप छ ।

# अखाद्य वस्तुको प्रयोगले वर्षेनि ६० करोड उपभोक्ताले ज्यान गुमाउँदै

**टुडे समाचारदाता**

राजविराज । स्वास्थ्यलाई हानी हुनेगरी सडेगलेको, म्याद गुज्रेको तथा विषाक्त अवस्थामा राखिएको खाद्य पदार्थको उपयोगले विश्वभर वर्षेनि ६० करोड भन्दा बढीले अकालमै ज्यान गुमाउनु परेको तथ्याङ्क सार्वजनिक गरिएको छ ।




बिहीबार खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको आयोजना तथा सप्तरी उद्योग बाणिज्य संघको सहआयोजनामा आयोजित उपभोक्ता तथा अन्य सरोकारवालाहरुसँगको खाद्य स्वच्छता सम्बन्धी सचेतना कार्यक्रममा उक्त तथ्याङ्क सार्वजनिक गरिएको हो ।

"उपभोक्ताले सेवन गर्ने खाद्य पदार्थ कुन उपयुक्त/कुन अनुपयुक्त छुट्ट्याउन नसक्दा र सरसफाईको ध्यान नराख्दा वर्षेनि ६० करोडले अकालमै ज्यान गुमाउने गरेको तथ्य विश्व स्वास्थ्य संगठनले पनि हालै सार्वजनिक गरिसकेको छ, कार्यक्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजका प्रमुख सुरेश सिंहले भने, "यो भयावह स्थितिबाट जोगिन उपभोक्ता आफै पनि सचेत हुनु जुरुरी छ ।"

कार्यक्रममा विश्व खाद्य संगठनको हवाला दिँदै प्रस्तुत प्रतिवेदनमा अखाद्य वस्तुको प्रयोगले विश्वभरिमा वर्षेनि ६० करोड, मासिक ४ लाख र दैनिक एक हजार २ सय जनाको दरले सर्वसाधारणले ज्यान गुमाई रहेको उल्लेख गरिएको छ ।

उपभोक्ता हितका लागि उद्योग बजार तथा होटलको निरीक्षण तथा अनुगमन कार्यलाई तीब्रता प्रदान गरिएको बताएका उनले खाद्य स्वच्छताका लागि उपभोक्ताका हितमा काम गर्ने सबै सरोकारवालासँग मिलेर काम गर्ने प्रतिबद्धता पनि जनाए ।

सर्वसाधारण जनताको स्वास्थ्य तथा सुविधा कायम राख्न खाद्य पदार्थमा कुनै मिसावट गर्न नहुने जिकिर गर्दै उनले खाद्य पदार्थको उचित स्तरलाई कायम राख्न कानूनी व्यवस्था अन्तर्गत खाद्य ऐन २०२३ तथा खाद्य नियमावली २०२७ जारी भइसकेको र यसलाई प्रभावकारी ढंगले कार्यान्वयनमा ल्याउने आग्रह गरे ।

उपभोक्ता भेला तथा प्रचार प्रसारको माध्यमबाट सचेतना फैलाउने तथा सरोकारवालासँगको अन्तरक्रियाबाट प्राप्त सुझावलाई ग्रहण गरि अघि बढ्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको उनको भनाई थियो । कार्यक्रममा खाद्य निरिक्षक राजिव बुढाथोकीले खाद्य स्वच्छता र खाद्य पोषण सम्बन्धी दुई घण्टे तालिम प्रदान गर्दै ज्ञान बाडेका थिए । उनले दुषित खाद्य पदार्थको परिभाषा स्पष्ट पार्दै यसको सेवनले हुने हानी नोक्सानी र यसबाट बच्ने उपायबारे सहभागिलाई तालिम प्रदान गरेका छन ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, प्रेस स्वतन्त्रता सेनानी बैजनाथ झा, उद्योग बाणिज्य संघ सप्तरीका महासचिव अमृत संचेती, उपभोक्ता मञ्चका अध्यक्ष राजकुमार गुप्तालगायतले खाद्य स्वच्छताका लागि अपनाउनु पर्ने सावधानी बारे आ-आफ्नो सुझाव राखेका थिए ।

# रेलवेमा मुआब्जा विवाद

**टुडे समारदाता**

जनकपुरधाम । जनकपुर-जयनगर रेल्वे विस्तार अन्तर्गत मुआब्जामा जालझेल भएको आरोप लागेको छ । विहीबार महोत्तरीका स्थानीय तथा किसानहरुले मुआब्जा वितरणमा जालभलोल भएको भन्दै जनकपुरधाममा आएर प्रर्दशन गरेको हो । रेलवे साइड कार्यालयले कुर्थादेखि बर्दिबास सम्म निर्माणाधिन रेलवे लिक अन्तरगत मुआब्जा वितरणमा लापरवाही गरेको उनीहरुको ठहर छ । नेपाल रेलवे कम्पनी लिमिटेडका महाप्रवन्धक निरञ्जन झालाई कारवाही गर्न उनीहरुले ध्यानकर्षणसमेत गराएको छ ।




खोल्सीपैनीको १५ लाख प्रति कठ्ठा दिनुपर्नेमा दश लाख मात्रै दिइएको छ । स्थानीय शंकर फुयालले प्रति कठ्ठा किसानलाई १५ लाख भनेपनि खातामा दश लाखको हिसाबले मत्रै पठाएको जानकारी दिए । उनका अनुसार जिल्ला प्रशासन कार्यालय महोत्तरीले निर्धारण गरेको मुआब्जा दर रेट अनुसार नदिइ आफ्नै हिसाबले वितरण गरेको छ । किसानलाई जहिले जलेश्वर पठाएर अलपत्र पारेको र नापी गर्दा निष्पक्ष नदेखिएको उनले बताए । रेलवे साइड कार्यालयले कागजातबीना नै काम गर्ने गरेको उनको भनाई छ ।

सम्झौताअनुसारको मुआब्जा भुक्तानी नगरे कडा आन्दोलन उनले चेतावनी दिए । 'छलफलका लागि पटक-पटक समय दिने अनि निर्धारित समयमा हाकिम नै नबस्ने प्रवृति देखियो । अब कडा आन्दोलन गर्नुको विकल्प रहेन,'उनले भने । आइतबारदेखि चरणवद्ध आन्दोलन गर्ने उनले बताए । यसअघि साउन १९ गते उनीहरुले जनकपुर आई मुआब्जा विवाद सुल्झाउन रेल्वेका कार्यालय प्रमुख विनोद ओझालाई लिखित ध्यानाकर्षण गराएका थिए ।


तर ध्यानाकर्षण गराएको एक महिना बित्न लाग्दा पनि समस्या समाधान नभएको उनीहरूको आरोप छ । नेपाल रेल्वे कम्पनीका कर्मचारीले ०७५ साल भदौ २ गतेको जग्गा मूल्यांकन समितिको निर्णयअनुसार मुआब्जा वितरण गरिरहेका छन् ।

# बाराको टांगियावस्तीमा विधुत मिटर जडान गर्ने प्रक्रिया सुरु

**रञ्जन यादव**

लामो समय देखि बिद्युतीकरण हुन नसकेको बाराको टाँगियाबस्तीमा विधुत मिटर जडान गर्नेप्रक्रिया सुरु भएको छ । जीतपुरसिमरा उपमहानगरपालिका वडा नं. १६ स्थित टाँगियावस्तीमा विधुत मिटर जडान गर्ने प्रक्रिया नेपाल बिद्युत प्राधिकरण सिमरा बितरण केन्द्रले सुरु गरेको हो ।

सिमरा वितरण केन्द्रले राष्ट्रिय गौरवको आयोजनाका कारण लामो समयदेखि न्युनतम आवश्यकताका पूर्वाधारबाट समेत बञ्चित टांगियाबस्तीमा मिटर जडान गर्न लागिएको हो । अन्तर्राष्ट्रिय विमानस्थल निर्माण गर्ने सरकारी योजनाका कारण टांगियाबस्तीमा विधुतिकरण हुन सकेको थिएन् । पहिलो चरणमा विधुतिकरण गर्ने काम सम्पन्न गरेको केन्द्रले अब मिटर जडानको प्रक्रिया सुरु गरेको छ । मिटर जडानका लागि एक सय रुपैया तिरेर सिमरा र निजगढमध्ये एक ठाँउमा आवेदन दिन सकिने सिमरा वितरण केन्द्रले जारी गरेको सूचनामा उल्लेख गरेको छ ।



विमानस्थल निर्माणको काम सुरु नहुँदासम्म टाँगियाका स्थानीयलाई विधुत सेवा उपलब्ध गराउनका लागि उर्जा, जलस्रोत तथा सिचाई मन्त्रालयको पहलमा विधुतिकरण भएको हो । विधुतिकरण सुरु हुनुअघि उर्जामन्त्री पम्फा भुषाल, प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलगायतले टोलीले टाँगियाको निरिक्षण गरेको थियो ।


## जग्गा बिक्रीमा

**कित्ता नं.** २९१ **क्षेत्रफल** ०-८-८
**कित्ता नं.** २९४ **क्षेत्रफल** ०-८-६
**कित्ता नं.** ६६२ **क्षेत्रफल** ०-२-०
**कित्ता नं.** ६६३ **क्षेत्रफल** ०-४-१८.१४
**कित्ता नं.** ६६४ **क्षेत्रफल** ०-१-७.५
**कित्ता नं.** ६६५ **क्षेत्रफल** ०-७-१२.५
**कित्ता नं.** ९४ **क्षेत्रफल** ०-०-१२

**ठेगाना** : मिथिला नगरपालिका -९, धनुषा (साबिक बैंगाडावर-६)
**नजिकको लोकेसन** : न्यू होराईजन सेकेन्ड्री इङ्गलिश बोर्डिङ्ग स्कुल, महेन्द्र राजमार्गबाट १ कि.मि पश्चिम र सबै कित्ता एउटै प्लटमा जोडिएको छ ।

**सम्पर्क नं. : ९८४०७५६८७३, ९८०८७८७१९६**


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : धन बृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



जलेश्वर। महोत्तरीको मूल भन्सार कार्यालय जलेश्वरमा नेपाल- भारत सीमा नजिकै नेपालतर्फ बन्दै गरेको आकर्षक एवं कलात्मक प्रवेशद्वार। *तस्बिर :रासस*

# 'अण्डरग्राउण्डमा' सञ्चालित व्यवसाय खाली गर्न निर्देशन

काठमाण्डु । काठमाण्डु महानगरपालिकाका प्रमुख बालेन्द्र साहको नेतृत्वले बिहीबार पनि नयाँबानेश्वर स्थित शङ्खमूल बर्गर हाउस र अल्फा हाउसको अण्डरग्राउण्ड तत्काल खाली गर्न निर्देशन दिएको छ।

ती क्षेत्रको अवलोकनपछि उहाँले पार्किङका लागि निर्माण गरिएका स्थान सोही प्रयोजनका लागि प्रयोग गर्न निर्देशन दिनुभएको हो।

तत्काल उक्त संरचना हटाएर नक्सा पासअनुरुप पार्किङको व्यवस्था गर्न निर्देशन दिएको छ। अल्फा हाउसको पार्किङ गर्नका लागि तय गरिएको स्थानमा 'ल्याब' सञ्चालन गरिएको छ भने शङ्खमूलको बर्गर हाउस बेसमेन्ट पार्किङमा सञ्चालित छ। यी दुवैलाई तत्काल हटाउन प्रमुख साहले निर्देशन दिनुभएको नगर प्रहरी प्रमुख राजु पाण्डेले जानकारी दिनुभयो।




त्यसैगरी अहिले नगर प्रहरी प्रमुखसहितको टोली गौशाला पुगेको छ टोलीले त्यहाँ मुक्तिनाथ विकास बैंक रहेको भवनको बारेमा जानकारी लिने र आवश्यकता अनुरुपको निर्देशन र कारबाहीको प्रक्रिया अघि बढाउने बताइएको छ। बानेश्वर र शङ्खमूल रोडमा अन्डरग्राउन्ड पार्किङ गर्नुपर्नेमा पार्किङ नगरी व्यवसायीलाई भाडा दिएका ठाउँमा पनि उक्त टोलीले अवलोकन गरेको छ।

अवैध संरचना हटाउनका लागि कामपाले यसअघि ३५ दिने सूचना जारी गरेको थियो। उक्त सूचनाको बेवास्ता गरे पनि कामपा 'एक्सन'मा उत्रिनुपरेको भनाइ छ।रासस

# घरायसी कामकाजमा सिमित महिलाहरुलाई जेसिजले उद्यमी बनाउँदै



**रञ्जन यादव**

बारा स्थित सिमरा जेसिजले घरायसी कामकाजमा सिमित महिलाहरुलाई तालिम प्रदान गरी उद्यमी बनाउँन कार्य सुरु गरेको छ।

महिलाहरुलाई आत्मनिर्भर बनाउने उदेश्यले तीन दिने उद्यमशिलता तालिमको आयोजना गरीएको सिमरा जेसिजका अध्यक्ष पुरुषोत्तम अधिकारीले जानकारी दिनुभयो। जीतपुर सिमरा उपमहानगरपालिका वडा नं.१६ स्थित कतर्वामा बुधवारदेखि भईरहेको तालिममा ४० जना न्युन आय भएका महिलाहरुको सहभागिता रहेको छ।

सहभागीलाई प्रशिक्षक बासुदेव अधिकारीले दुनोट, चाउमिन, मिठाई बनाउन सिपमुलक प्रशिक्षण दिईरहेका छन्।

# चिकित्सकको लापरवाहीले आफन्तको मृत्यु भएको भन्दै कारबाहीको माग

काठमाण्डु । पर्सा छिपहरमाई गाउँपालिका-२ चेरङमहाका फिरोज मियाँ अन्सारीको अस्पताल र चिकित्सकको लापरवाहीले मृत्यु भएको भन्दै परिवारले कडा कारबाहीको माग गरेको छ।

मृतकका बुबा जुमन अन्सारीले बिहीबार पत्रकार सम्मेलन गरी वीरगञ्ज हेल्थ केयर अस्पताल र शल्यक्रिया गर्ने डा आसिफ अन्सारीका कारण छोराको मृत्यु भएको भन्दै उनीहरुलाई कडा कारबाहीको माग गर्नुभएको हो। फिरोजलाई स्वास्थ्यमा समस्या आएपछि गत साउन २६ गते वीरगञ्ज हेल्थ केयर अस्पतालमा भर्ना गरिएको मृतकका बुबा अन्सारीले बताउनुभयो।

फिरोजलाई पत्थरी भएको भन्दै गत साउन २७ गते डा आसिफ अन्सारीको टोलीले शल्यक्रिया गर्दाको गल्ती नै छोराको मृत्युका कारण भएको अन्सारीको दाबी छ। उहाँले भन्नुभयो, "बाबुको शल्यक्रिया गरेको केही घण्टामा नै दुखाइ सुरु भयो, हामीले डाक्टरलाई भन्यौं, उहाँले केही हुँदैन भन्नुभयो र फेरि साउन २८ गते दोस्रोपटक शल्यक्रिया गर्नुभयो।'

उहाँले दोस्रो शल्यक्रियापछि छोरालाई भेन्टिलेटरमा राखेको र साउन २९ गते डा आसिफ अन्सारीले त्यहाँ निको नहुने भनेपछि हेलिकप्टर चार्टर्ड गरेर ललितपुरको मेडिसिटी अस्पताल ल्याएको जानकारी दिनुभयो।

मेडिसिटी अस्पतालमा उपचारका क्रममा फिरोजको यही भदौ ५ गते राति ८ बजे मृत्यु भएको भन्दै उहाँले सुरुको उपचारमै गल्ती भएको दाबी गर्नुभयो। शल्यक्रिया गर्ने बेलामा डाक्टरले तीन वटा नसा काटेको र पत्थरी भित्रै फुटाइदिएको मृतक फिरोजका परिवारको आरोप छ।

अस्पताल सञ्चालक डा अब्दुल हैज अन्सारी र शल्यक्रिया गर्ने डा आसिफ अन्सारीलाई कानूनी दायरामा ल्याएर कडाभन्दा कडा कारबाहीको मागसमेत गरिएको छ।रासस

# अवैध संरचना निरन्तर भत्काइन्छ : कामपा

काठमाण्डु । काठमाण्डु महानगरपालिकाले अवैधरुपमा निर्माण भएका र सार्वजनिक जग्गा मिचेर निर्माण गरिएका सम्पूर्ण संरचना भत्काउने काम निरन्तर जारी राख्ने भएको छ।

"यो अभियानको रुपमा सञ्चालन गर्ने हो, कामपाको ३२ वटै वडामा अवैध रुपमा निर्माण भएका संरचना बाँकी राखिने छैन", कामपा प्रमुख बालेन्द्र साहको सचिवालय सदस्य सुनिल लम्सालले भन्नुभयो। नक्सा पास नगरी निर्माण भएका र नक्सा पासअनुरुप निर्माण नगरिएका दुवै संरचना हटाइने उहाँले बताउनुभयो।

"संरचना निर्माणको सम्बन्धमा पहिला कागजपत्र देखाउन सम्बन्धित व्यक्तिलाई आग्रह गर्ने र कागजातअनुरुप गलत प्रमाणित भए थप कानुनी प्रक्रिया अघि बढाइने छ", उहाँले भन्नुभयो। सोही क्रममा बुधबार सुन्धारास्थित काठमाडौँ मलको आसपासमा निर्माण भएका अनधिकृतरुपमा बनाइएको संरचनामा डोजर लगाएर भत्काइएको छ। त्यसैगरी प्रमुख साहको उपस्तिथिमा न्यूरोडस्थित आरबी कम्प्लेक्सले बनाएका अनधिकृत संरचना पनि डोजर लगाएर भत्काइएको छ। बुधबारनै प्रमुख साहले दरबारमार्ग पुगेर अनधिकृत संरचना हटाउन निर्देशन दिनुभएको थियो।



यसअघि नयाँ बानेश्वर क्षेत्रमा पार्किङका लागि बनाइएका स्थानमा राखिएका पसलसमेत हटाइएको स्मरण गराउँदै लम्सालले भन्नुभयो, "अब विगतमा भै मनोमानी चल्दैन यो कार्य नियमितरुपमा चल्छ।" यसअघि कामपाले जारी गरेको ३५ दिने सार्वजनिक सूचनाको वेवास्ता गरे पनि बुधबारदेखिअवैध संरचना भत्काउने काम सूरु गरिएको छ। उक्त कार्य सुरु गरेसँगै आगामी दिनमा पार्किङको समस्या समाधानसँगै ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने कामपाको विश्वास छ। ठूला ठूला मल बनाउने र पार्किङका लागि निर्धारण गरिएको स्थान महँगो भाडामा लगाइएकाले कामपाले यस किसिमको कदम चालेको जनाएको छ।

"अहिले साङ्केतिकरुपमा रुपमा केही संरचना भत्काइएको हो, यसैगरी अटेरी गर्दै गए आगामी दिनमा यस्ता कयौँ संरचना भत्काउनुपर्ने हुन्छ", लम्सालले भन्नुभयो। सूचना जारी गरेको ३५ दिन बितिसक्दा पनि सम्बन्धित निकाय छलफलमा समेत नआएपछि यस किसिमको काम सूरु गरिएको कामपाको प्रमुख साहले सामाजिक जानकारी गराउनुभएको थियो।

उहाँले भन्नुभयो, "अनाधिकृत संरचना नबनाउनु होस् यदि बनाइसकेको अवस्थामा कामपाको आग्रहलाई अपमान नगरी आफैँले भत्काउने र त्यस्ता संरचना भाडामा नलगाउने काम नगर्नुस्।" अवैध संरचना भत्काउँदा भाडावालालाई हुन गएको समस्या र क्षतिको विषयमा मालिकबाट क्षतिपूर्ति गराउनेतर्फ कामपाले हदैसम्मको पहल गर्ने प्रमुख साहको भनाइ छ।

त्यस्तै कामपाले बबरमहलमा रहेको जिल्ला अदालत काठमाडौँलाई नक्सा पास भएको विवरण पठाउन पत्राचार गरेको छ। अदालतलाई पत्र पठाउँदै कामपाले नक्सा पास नभएको पाइए कानुनी प्रक्रिया अघि बढाउने चेतावनी दिएको छ। हाल बेसमेन्ट र भूमिगत कपार्किङ राख्ने सर्तमा कर छुट लिइरहेका ३५ भवन रहेको कामपाले जनाएको छ।रासस

# अत्याधुनिक टर्मिनल भवनको प्रक्रिया अघि बढाईयो

काठमाण्डु । सरकारले विभिन्न तीन विमानस्थलमा अत्याधुनिक टर्मिनल भवन निर्माण गर्ने भएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले क्षेत्रीय हब विमानस्थलका रूपमा रहेका विराटनगर, नेपालगञ्ज तथा भरतपुर विमानस्थलमा चालु आर्थिक वर्षभित्रै टर्मिनल भवन निर्माण सुरुआत गर्ने गरी आवश्यक प्रक्रिया अघि बढाईएको हो।

प्राधिकरणका निमित्त उपमहानिर्देशक एवं प्रवक्ता जगन्नाथ निरौलाले विराटनगर, नेपालगञ्ज तथा भरतपुर विमानस्थलमा टर्मिनल भवन निर्माण प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो। उहाँका अनुसार ती विमानस्थलमा नयाँ टावर टर्मिनल भवन निर्माणार्थ ठेक्का लगाउन प्राधिकरणले बुधबार सूचना प्रकाशन गरेको छ।

ती विमानस्थलमा ५० वर्षभन्दा बढी पुराना टर्मिनल भवन जीर्ण बनेका तथा पछिल्लो समय जहाजको सिट सङ्ख्या बढ्नुका साथै हवाईयात्रु पनि बढेकाले यात्रुको सुविधालाई मध्यनजर गर्दै प्राधिकरणले नयाँ आधुनिक टर्मिनल भवन निर्माण गर्न लागेको प्रवक्ता निरौलाले बताउनुभयो।



उहाँले विमानस्थल साँघुरो भएकाले व्यावसायिक गतिविधिसमेत हुने गरी 'डिजाइन' गरेर नयाँ टर्मिनल भवन बनाउन लागिएको जानकारी दिनुभयो। "तराई क्षेत्रका विमानस्थलका पुराना संरचना करिब जीर्ण अवस्थामा छन्।

५० वर्षभन्दा बढी पुराना टर्मिनल भवनमा यात्रु व्यवस्थापन र विमानस्थलको अत्यावश्यक सुविधा विस्तार गर्न कठिन हुने भएकाले आधुनिक सुविधासम्पन्न टर्मिनल भवन बनाउन प्राधिकरणले प्रक्रिया थालेको छ", उहाँले भन्नुभयो।

बहुवर्षीय कार्यक्रमअन्तर्गत ती विमानस्थलका टर्मिनल भवन बनाइनेछ। यसमा सरकारको सेयर लगानी रहने छ। टर्मिनल भवन बनाउन करिब रु नौ अर्ब लगानी हुने प्राधिकरणले जनाएको छ। ती भवनमा अत्याधुनिक 'कन्भेयर बेल्ट'सहित हुनेछ। आन्तरिकमा पसलकबलसहितको एयर कण्डिसन, खुला र फराकिलो हुने गरी बनाइने छ। एक महिनाको सूचनापछि मूल्याङ्कन गरेर दुई महिनाभित्रै 'अवार्ड' हुनेछ।

प्राधिकरणका प्रवक्ता निरौलाले चालु आर्थिक वर्षभित्रै टर्मिनल भवन निर्माण सुरु हुने र तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने योजना रहेको जानकारी दिनुभयो। निर्माणाधीन जुम्ला, तुम्लिङटार र साँफेबगरको काम सकिन लागेको छ। जुम्लाको टर्मिनल भवन अन्तिम चरणमा पुगेको जनाइएको छ।

प्राधिकरणका अनुसार मुलुकमा हाल तीन अन्तर ष्ट्रियसहित जम्मा ५३ विमानस्थल निर्माण भएका छन्। तीमध्ये अहिले ३३ विमानस्थल सञ्चालनमा रहेका छन् भने बाँकी २० विमानस्थल निर्माण भएर पनि सञ्चालन भएका छैनन्। हालसम्म ४० विमानस्थल कालोपत्र गरिएका छन्।

दुईवटा अन्तर्राष्ट्रिय विमानस्थल, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर ष्ट्रिय विमानस्थल सञ्चालनमा छ। पोखरा क्षेत्रीय विमानस्थल आगामी सन् २०२३ जनवरी १ देखि सञ्चालनमा ल्याउने प्राधिकरणले जनाएको छ।

त्रिभुवनअन्तराष्ट्रियविमानस्थल भएर अहिले आन्तरिकमा ११ हेलिकोप्टर कम्पनीसहित २० वायुसेवा प्रदायक तथा अन्तर ष्ट्रियतर्फ तीन नेपालीसहित २६ वायुसेवा प्रदायकले उडान भर्दै आएका छन्।रासस

## कैदी भागेको घटनामा छानविन समिति गठन

काठमाण्डु। नेपाल प्रहरीको अनाश्रित गुल्म नख्खु कारागार ललितपुरमा कैद भुक्तान गरिरहेका एक कैदी फरार भएको घटनाका सम्बन्धमा छानविन गर्न प्रहरी उपरीक्षक देवेन्द्रबहादुर पालको संयोजकत्वमा छानविन समिति गठन गरिएको छ।

कर्तव्य ज्यान मुद्दामा कैद भुक्तान गरिरहेका रामेछापको पिल्पुङ गाउँपालिका-२ घर भई हाल नेपाल प्रहरीको अनाश्रित गुल्म नख्खु कारागारमा रहेका ३१ वर्षका भोला बुढाथोकीलाई उपचारका लागि महाराजगञ्जस्थित शिक्षण अस्पतालमा लगिएकामा बुधबार सोही अस्पतालबाट फरार भएका थिए। उनी विसं २०७२ देखि २० वर्षको कैद सजाय भुक्तान गरिरहेका थिए।

उक्त घटनापछि नेपाल प्रहरी अनाश्रित गुल्म नख्खुका प्रमुखलाई जिम्मेवारीबाट हटाई कैदीबन्दीको सुरक्षार्थ खटिएका प्रहरी कर्मचारीलाई पनि निलम्बन गरिएको काठमाण्डु उपत्यका प्रहरी कार्यालयका प्रवक्ता प्रहरी उपरीक्षक सन्तोषसिंह राठौरले जानकारी दिनुभयो।

प्रहरी उपरीक्षक राठौरका अनुसार फरार रहेका बुढाथोकीलाई खोजतलासका क्रममा ललितपुरबाट खटिएको प्रहरी टोलीले महालक्ष्मी नगरपालिकाको लुभु बसपार्क नजिकबाट हत्कडीसहित पक्राउ गरिएको छ।रासस

# अवैध काठसहित मानिस पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा अवैध काठसहित एक जना पक्राउ परेको। सबैला नगरपालिका २ बाट पाँच लाख २० हजार रुपैयाँ बराबरको अवैध काठसहित राम एकवाल यादव पक्राउ परेको हो।

ट्रेक्टरमा ४० क्यूफिट काठ लोड गरी लुकाई छिपाइ ल्याउँदै गरेको अवस्थामा यादवलाई पक्राउ गरिएको धनुषाका प्रहरी नायव उपरीक्षक प्रदीप बहादुर क्षेत्रीले जानकारी दिए।



उनका अनुसार सोनालिका कम्पनीको ट्रेक्टरमा उक्त काठ लोड गरिएको थियो। ट्रेक्टरमा नम्बर लेखिएको छैन्। बरानमद भएको काठ र ट्रेक्टर रित पुर्वक सव डिभिजन वन कार्यालय धनुषाधाममा पठाइएको छ। उक्त विषयमा थप अनुसन्धान भइरहेको छ।

# मकवानपुरमा पनि मिटरब्याजी विरुद्ध प्रशासनमा ११ उजुरी

बागमती। मकवानपुरमा चर्को ब्याज लिएर दुःख दिएको विरुद्धमा ११ जनाले जिल्ला प्रशासन कार्यालय मकवानपुरमा उजुरी दिएका छन्। साथै यो उजुरीको क्रम बढ्ने अनुमान रहेको छ।

सरकारले गृह मन्त्रालयका सहसचिव डा भीष्मकुमार भुसाललाई संयोजक बनाएर चर्को ब्याज लिनेविरुद्ध अभियान नै सञ्चालन गरेपछि मकवानपुरमा पनि चर्को ब्याजबाट पीडित हुनेले जिल्ला प्रशासन कार्यालयमा लिखित उजुरी दिएको सो कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैरेले जानकरी दिनुभयो।

मिटरब्याजीबाट दुःख पाएकाहरूका बारेमा अध्ययन गर्न सरकारले कार्यदल नै बनाएर देशभरिका ७७ जिल्ला प्रशासन कार्यालयमा पीडितलाई निर्धक्क भएर उजुरी दिन आग्रह गरेपछि मकवानपुरमा पनि हालसम्म ११ जनाले उजुरी दिएको बताइएको छ।




जिल्ला प्रशासन कार्यालयमा दर्ता हुन आएको उजुरीका सम्बन्धमा प्रजिअले सम्बन्धित पक्षलाई झिकाएर नियमसङ्गत लेनदेन भएको भए आपसी सहमतिमा उजुरी छिनोफानो गर्न निर्देशन दिइएको छ। सहमति हुन नसकेको खण्डमा उजुरीका सम्बन्धमा कानुनी प्रक्रिया सुरु गर्न प्रहरी कार्यालयमा पठाउन भनिएको छ।

जिल्ला प्रशासन कार्यालयलाई दिइएको निर्देशनमा स्थानीय निकाय तथा जिल्ला प्रशासन कार्यालयको क्षेत्राधिकार नपर्ने उजुरीको सम्बन्धमा गृह मन्त्रालयलाई जानकारी गराउन निर्देशन दिइएको बताइएको छ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

### नागरिकतावाट बञ्चित गर्नु हुन्न

नागरिकता विधेयक आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको लागि राजनीतिक मुद्दा बन्ने भएको छ। एका तिर गठबन्धन गरेर निर्वाचनमा आउँदै गरेका नेपाली कांग्रेस, माओवादी केन्द्र, नेकपा एस, जनता समाजवादी पार्टी र जनमोर्चा नेपाल छन् भने अर्का तिर नेकपा एमाले निर्वाचनको मैदानमा आउँदैछ भने पछाडि पछाडि लोकतान्त्रिक समाजवादी पार्टी पनि छन् । गठबन्धनका पाँच दल लोसपा नागरिकता विधेयकको पक्षमा छन् भने नेकपा एमालेले पास गर्नु हुन्न भन्दै आएका छन् र राष्ट्रपतिले पनि विना प्रमाणीकरण गरी सुझाव सहित फिर्ता पठाएका छन् तर फेरि प्रतिनिधिसभावाट पास गरेर राष्ट्रियसभावाट पास गरी राष्ट्रपति समक्ष पुर्‍याउने योजना बनाइ रहेका बेला राष्ट्रपतिले पनि हुबहु पास नगर्ने भन्दै राजिनामा दिने मुडमा रहेकी छन् । उनले आफ्ना सुरक्षामा खटेका पूर्व सुरक्षाकर्मी तथा वर्तमान सुरक्षाकर्मी संग छलफल गरी रहँदा पाँच दलीय गठबन्धनको अवस्था भने शिथिल बनेको छ। नागरिकता विधेयक प्रमाणीकरण गर्न पाँच दलीय गठबन्धनका लागि परेका छन् भने मधेशको विरोध गरेर नेकपा एमाले पहाडका मत लिने दाउमा देखिएका छन् । मधेशमा पाँच दलीय गठबन्धन कब्जा गर्ने दाउमा रहेको बेला एमाले पहाड र हिमालको मत लिएर गठबन्धनलाई जवाफ दिने योजना बनाइ रहेका छन् । हुनत एमालेले वाम गठबन्धनको प्रस्ताव पनि अगाडि सारेको छ तर त्यस प्रस्तावमा नेकपा एस र माओवादी केन्द्र मान्ने अवस्थामा छैनन् । नागरिकता विधेयकले मधेशी जनताको मत आफूतिर तान्ने दाउमा रहेका गठबन्धनका लागि जसपा र लोसपा बाधा बन्ने देखिन्छ । गठबन्धनले जस्तो सुक्कै कार्ड फ्याकेपनि मधेशमा प्रतिनिधिसभा र प्रदेशसभामा भने मधेशवादी दलको वर्चस्व कायम रहने मतदाताहरुको झुकाव देखिएको छ। मधेश आन्दोलनको जगमा बनेको संघीयतालाई जीवन्त राख्नका लागि मधेशवादी दलहरुलाई जिताउनुपर्ने कार्ड भने मधेशवादीको हुन सक्ने देखिन्छ। तर, मुख्यमन्त्रीदेखि मन्त्रीसम्म माथि भ्रष्टाचारको जालोमा फसाउने प्रयासरत्तहरु मधेशमा मधेशवादीलाई बदनाम गरी अन्य दल तिर मतदाताहरुको झुकाव बढाउन तिर लागेका छन् । मधेशका जनतालाई नागरिकता विहीन बनाउनु पर्दैन तर, उनीहरुको भावना संग खेलवाड गर्नु पनि अपराध सरहनै हुनेछ। यस्ता गतिविधिमा लागेकाहरुको पहिचान गरी आगामी निर्वाचनमा उनीहरुलाई आफ्नो मताधिकारको प्रयोग गरी बाटो फराकिलो बनाउनु नै बेस हुन्छ।

# ‘अध्यादेश र हालको विधेयकमा अङ्गीकृत नागरिकता सम्बन्धमा कुनै फरक छैन’

**– भीष्मराज ओझा**

विसं २०७८ मा केपी शर्मा ओली प्रधानमन्त्री हुँदा पेश गरिएको नागरिकतासम्बन्धी अध्यादेश र हाल पेश भएको नागरिकतासम्बन्धी विधेयकमा वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्थामा कुनै फरक छैन । नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्न अहिले नयाँ व्यवस्था गरिएको जस्तो वा जनमानसमा हल्ला चलेको जस्तो पाँच वर्ष वा सात वर्ष जस्ता कुनै पनि समयावधि तोकिएको थिएन।

तर यस सम्बन्धमा भ्रम फैलाइएको भन्दै नेपाल सरकारले यस सम्बन्धमा स्पष्ट पारेको छ। गृहमन्त्री बालकृष्ण खाणले वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्था नेपाल नागरिकता ऐन, २००९ देखि नै क्रियाशील रहेकाले विगत ७० वर्ष अगाडिदेखि नै प्रचलनमा रहेको र यसैका आधारमा नागरिकता पाइरहेको भनी उल्लेख गर्नुभयो । विसं २०७५ साउन २२ गते तत्कालीन प्रधानमन्त्री ओलीको पालामा दुई तिहाई बहुमतको सरकारले संसद्मा नागरिकता विधेयक पेश गरे पनि त्यो पारित नभई अनिर्णित अवस्थामै रहेको थियो । पछि विसं २०७८ जेठ ९ गते राष्ट्रपतिबाट जारी भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ मा वैवाहिक अङ्गीकृतबारे कुनै उल्लेख गरिएको छैन । यसको अर्थ हाल पेश गरिएको विधेयकको जस्तै नेपालको संविधान २०७२ र नेपाल नागरिकता ऐन, २०६३ मा भएको व्यवस्थालाई नै अध्यादेशमा निरन्तरता दिइएको उहाँले बताउनुभयो।

नागरिकता नागरिक र राज्यबीचको सम्बन्धको आधार हो । राज्यले प्रत्याभूत गर्नुपर्ने मौलिक हक, आर्थिक, सामाजिक र राजनीतिक अधिकार एवं राज्यप्रति नागरिकको कर्तव्य सुनिश्चित गर्न राज्यले आफ्ना नागरिकलाई नागरिकको दर्जा दिएर वैधानिकता प्रदान गरेको हुन्छ। नेपालको संविधान २०७२ को धारा १० ले ‘कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन’ भन्ने व्यवस्था गरेको छ।

**नागरिकता विधेयक अहिले ल्याउन किन आवश्यक ?**

नेपाल नागरिकता ऐन, २०६३ र नेपालको अन्तरिम संविधान, २०६३ ले जन्मको आधारमा नागरिकता प्रदान गर्ने व्यवस्था गरेको थियो। (२०४६ चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायीरूपले बसोबास गर्दै आएको व्यक्तिलाई) जन्मको आधारमा नागरिकता लिएका व्यक्तिका सन्तानलाई वंशजको आधारमा नागरकिता दिने प्रावधान नेपालको संविधान २०७२ को धारा ११ ले गरेको छ।

यसरी विसं २०७२ मा संविधानले गरेको व्यवस्थालाई सात वर्ष बित्न लागि सक्दा पनि संसद्ले ऐन बनाएर कार्यान्वयन गर्न नसकेको सन्दर्भमा वर्तमान सरकारले नागरिकतासम्बन्धी विधेयक अघि बढाउनुपरेको गृहमन्त्री खाणले बताउनुभयो । बाबु आमा दुवै नेपाली नागरिक भएता पनि उनीहरुका लाखौँ सन्तानले नेपाली नागरिकता नपाएकै कारण उच्च शिक्षा लिन, सिमकार्ड लिन, सवारी चालक अनुमतिपत्र लिन, बैंक खाता खोल्न, व्यवसायका लागि प्यान कार्ड बनाउन, राहदानी बनाउन, लोकसेवा आयोगको परीक्षा दिन, राष्ट्रिय परिचयपत्र प्राप्त गर्न, जन्मदर्ताबाहेकको अन्य घटना दर्ता गर्न, उद्योग व्यवसाय दर्ता गर्न, सङ्घसंस्था दर्ता लगायतका गतिविधि गर्न नपाएर मानवीय जीवनयापन गर्न कठिनाइ भएको छ।

उहाँले भन्नुभयो, “संवैधानिक प्रावधानअनुरूप नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गराई राज्यविहीनताको अवस्थामा राख्न मिल्दैन । यसो गर्नु भनेको राज्य आफ्नो नागरिकप्रतिको दायित्वबाट विमुख हुनु हो । यही अवस्थालाई हृदयङ्गम गरी राज्यले आफ्नो दायित्व बोध गर्दै नेपाली बाबु आमाका सन्तानलाई नागरिकता उपलब्ध गराउन यो विधेयक ल्याउन जरुरी भएको हो।

**वैवाहिक अङ्गीकृत नागरिकताका सम्बन्धमा फैलाइएको भ्रम**

नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलालाई एक हातले सिन्दुर र अर्को हातले नागरिकता दिने व्यवस्था अहिलेको विधेयकले गर्न लागेको र यसले राष्ट्रियता नै खतरामा पर्ने भनी दुष्प्रचार गरेर निहित राजनीतिक स्वार्थ पूरा गर्न नेपाली जनतामा भ्रम सृजना र दुष्प्रचार भएको जस्तो विधेयकमा कुनै पनि व्यवस्था राखिएको छैन।

**वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी वास्तविकता**

नेपाल सरकारको वैधानिक कानून, २००४ पद्म शम्शेरको पालामा जारी भएको थियो। त्यसमा नागरिकतासम्बन्धी प्रावधानको बारेमा उल्लेख गरिएको थिएन। नेपाल नागरिकता ऐन, २००९ दफा (३) मा ‘नेपाल राज्यको कानून र नीतिबमोजिम नेपाली नागरिकको साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएको स्वास्नी मानिस नेपाल नागरिक ठहर्नेछ’ भनी उल्लेख थियो।

यसैगरी नेपालको संविधान, २०१९ धारा ८ मा ‘नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी नारीको हकमा निजले सो विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ’ भनी उल्लेख छ। नेपाल नागरिकता ऐन, २०२० मा ‘नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेश गर्नुपर्ने’ उल्लेख छ। नेपाल अधिराज्यको संविधान, २०४७ धारा ९ (५) मा ‘नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ’ भन्ने व्यवस्था छ।

नेपाल नागरिकता ऐन, २०६३ दफा ५ (१) मा ‘नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपाली नागरिकता प्राप्त गर्न चाहेमा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेश गरी निवेदन दिनुपर्ने’ उल्लेख छ। यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ धारा ६ मा ‘नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानूनबमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्ने’ व्यवस्था छ।

नेपालको संविधान, २०७२ धारा ६ मा पनि ‘नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानूनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ’ व्यवस्था छ।

**नेपालको संविधान र विशिष्ट पदका लागि नागरिक अधिकारमा सङ्कुचन**

नेपालको संविधानको धारा २८९ ले राज्यको विशेष महत्व र मर्यादाको पदका लागि नागरिकका बीचमा अधिकारको सामान्य विभेद र सङ्कुचन गरेको छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेशसभाको सभामुख र सुरक्षा निकायका प्रमुख पदमा निर्वाचित, मनोनित वा नियुक्ति हुन वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनुपर्ने उल्लेख छ।

माथिका पदबाहेक अन्य संवैधानिक निकायको पदमा संविधानबमोजिम नियुक्तिका लागि नेपालको अङ्गीकृत नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा कम्तीमा १० वर्ष, जन्मको आधारमा र वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा कम्तीमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनुपर्नेछ।

**नागरिकता विधेयक आउँदा के हुन्छ ?**

नेपाली नागरिक बाबु आमाका करिब लाखौँ सन्ततिहरु नागरिकता नपाएकै कारणबाट चरम निराशा र राज्यविहीनताको अवस्थामा रहेका छन् । त्यस्ता व्यक्तिहरुले नागरिकता प्राप्त गरी राज्यबाट प्राप्त हुने सुविधा प्राप्त गर्ने र राज्यप्रति अपनत्व बढ्ने तथा दायित्वबोध हुने गृहमन्त्री खाणको भनाइ छ।

यसैगरी गैरआवासीय नेपाली नागरिकलाई राजनैतिक र प्रशासनिक अधिकार बाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार मात्र दिने गरी नागरिकता प्रदान गर्ने व्यवस्थाले उनीहरुले संवैधानिक व्यवस्थाबमोजिमको अधिकार प्राप्त गर्नेछन्।

नेपालभित्र फेला परेका पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक बाबु वा आमाको पत्ता नलागेसम्म १६ वर्ष पूरा भएपछि वंशजको नागरिकता पाउन सक्ने, संस्था वा कानूनी संरक्षकद्वारा हुर्काइएको अवस्थामा त्यस्तो संस्थाको सिफारिस वा संरक्षकको नागरिकता तथा स्थानीय तहको सिफारिसको आधारमा वंशजको नागरिकता प्राप्त गर्ने व्यवस्था विधेयकमा छ।

नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निज र निजको आमाले गरेको स्वघोषणाका आधारमा वंशजको नागरिकता प्राप्त गर्न सक्ने विधेयकमा व्यवस्था छ।

**नागरिकता विधेयक नआउँदा के हुन्छ ?**

नागरिकता विधेयक नआएको खण्डमा संविधानले प्रत्याभूत गरेको नागरिकता पाउने अधिकारबाट लाखौँ व्यक्ति वञ्चित हुनेछन्। वैवाहिक अङ्गीकृतको हकमा विद्यमान नेपाल नागरिकता ऐन, २०६३ अनुरूप नेपाली नागरिकसँग विदेशी महिलाले वैवाहिक सम्बन्ध र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेश गरी नागरिकता प्राप्त गर्ने व्यवस्थाले निरन्तरता पाउने छ। साथै गैरआवासीय नागरिकहरुले संवैधानिक व्यवस्थाबमोजिमको अधिकार प्राप्त गर्न वञ्चित हुन्छन।

**अध्यादेश र अहिलेको विधेयकमा के फरक छ ?**

विसं २०७८ जेठ ९ गते केपी शर्मा ओली प्रधानमन्त्री भएको मन्त्रिपरिषद्ले सिफारिस गरेर राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा जारी भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ र हाल पेश भएको विधेयकमा वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्थामा कुनै भिन्नता छैन । अङ्गीकृत नागरिकताको विषयमा नेपाल नागरिकता ऐन, २०६३ को व्यवस्थालाई नै निरन्तरता दिइएको छ। यो ऐन सात दल र तत्कालीन नेकपा माओवादीबीच सहमति भएर जारी भएको थियो । ऐन जारी हुँदा केपी शर्मा ओली उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री हुनुहुन्थ्यो भने राष्ट्रपति विद्यादेवी भण्डारी सांसद हुनुहुन्थ्यो । साथै सो ऐन जारी हुँदा व्यवस्थापिका संसद्मा प्रतिनिधि रहेका दल र सदस्यहरुमध्ये सबैजसो दल र केही सदस्यहरु वर्तमान सङ्घीय संसद्मा पनि रहनुभएको छ । तत्कालीन अवस्थामा उक्त ऐनमा राखिएको वैवाहिक अङ्गीकृतसम्बन्धी प्रावधानमा सबैको सहमति थियो।

विसं २०७८ मा पेश भएको अध्यादेश र हाल पेश भएको विधेयकमा नयाँ व्यवस्था राखिएको भनेको गैरआवासीय नेपाली नागरिकलाई राजनैतिक र प्रशासनिक अधिकारबाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको नागरिकताको व्यवस्था मात्र हो।

**निष्कर्ष**

नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलालाई वैवाहिक अङ्गीकृत नागरिकता दिने प्रावधान २००९ सालदेखि (नेपालको संविधान २०१९ को दोस्रो संशोधन २०३२ सालदेखि तेस्रो संशोधन २०३७ हुनु अघिसम्म बाहेक) हालसम्म निरन्तरता पाएको छ । अहिले समयावधि नराखी नागरिकता दिँदा राष्ट्रको अस्मितामा आँच पुग्ने भनी दुष्प्रचार गरेर भ्रम सिर्जना गर्ने काम भएको भन्दै गृहमन्त्री खाणले गुनासो गर्नुभयो।

केपी शर्मा ओली प्रधानमन्त्री कालमा तीन वर्ष पाँच महिनासम्म दुई तिहाइको सरकारले संविधानको प्रावधानअनुरूप नागरिकता ऐन ल्याउन पनि सकेन र वैवाहिक अङ्गीकृतको हकमा समयावधि पनि राखेन । अध्यादेश ल्याउँदा पनि वैवाहिक अङ्गीकृतको हकमा नेपाल नागरिकता ऐन, २०६३ को व्यवस्थालाई निरन्तरता दिई समयावधिको व्यवस्था गरिएन। गृहमन्त्री खाणले भन्नुभयो, “अहिले वैवाहिक अङ्गीकृतलाई नागरिकता दिँदा निश्चित समयावधि तोक्नुपर्ने, नतोक्दा राष्ट्रियता नै खतरामा पर्छ भन्नु दुष्प्रचारभन्दा बढी केही होइन। यो भ्रमबाट सबै नेपाली जनता मुक्त हुनुपर्दछ।रासस

# ज्ञानको अभावमा पर्दैनन् उजुरी

**तोलाकान्त बगाले**

करिब ३० वर्ष कतारमा रोजगारी गर्दै आउनुभएका वालिङ १४ हुल्काङका ५० वर्षीय पिताम्बर डुम्रे कतारमै अकस्मात बिरामी हुनुभयो । मुटुसम्बन्धी समस्या देखिएपछि विदेशमै मुटुको शल्यक्रिया गरी आठ महिनाअघि घर आउनुभयो। लामो समयदेखि वैदेशिक रोजगारीमा रहेका कारण पनि बिरामी पर्दा उपचारका लागि आर्थिक सहायता पाइन्छ भन्ने केही जानकारी भएकाले विदेशमा उपचारमा लागेको खर्च तथा कागजातहरु लिएर आएको उहाँ बताउनुहुन्छ। “उपचारका लागि आर्थिक सहायता पाइन्छ भन्ने केही जानकारी भएका कारण पनि कागजातहरु लिएर आएको थिएँ उहाँले भन्नुभयो, ‘सोही कागजातहरुका आधारमा आप्रवासी स्रोत उपकेन्द्र वालिङमा उजुरी दिएको हुँ।’

उपकेन्द्रमा उपचारमा आर्थिक सहायताका लागि पहल गरिदिन उजुरी गरेपछि त्यहाँबाट वैदेशिक रोजगार बोर्डमा सिफारिस भई कागजातका आधारमा उहाँले रु. दुई लाख ४५ हजार प्राप्त गर्नुभयो । “वैदेशिक रोजगारीमा रहेको कम्पनीले मुटुको शल्यक्रियाका लागि सहयोग गर्‍यो’ उहाँले भन्नुभयो, ‘साथसाथै त्यहाँका सबै कागजातहरु नेपाल लगेर आर्थिक सहायताका लागि उजुरी गर्नुस् भन्ने सुझाव दिएकाले कागजातहरु ल्याएर उजुरी दिएको र उपचारका लागि आर्थिक सहायता पाएको हुँ।’

कतिपय ब्यक्तिहरु प्रक्रियाका बारेमा नजानेकै कारण घर आउन नसकेर विदेशमै विचल्लीमा रहेका उहाँले बताउनुभयो। श्रम स्वीकृतिको अवधिमा विदेशमा घातक रोगहरुका कारण उपचार गर्न पर्ने वा घरमा रहेका परिवारका सदस्यहरुलाई उपचारका लागि आर्थिक सहायता पाइन्छ भन्ने ज्ञान धेरैलाई नभएको उहाँले दाबी गर्नुभयो।

वैदेशिक रोजगारीका शिलाशिलामा संयुक्त अरब इमिरेट्स (दुबई) मा रहनुभएका वालिङ-९ का चुडामणि गैह्रेको हृदयघातका कारण मृत्युभयो। गत कात्तिक २ गते श्रीमान्को विदेशमै मृत्यु भएसँगै घर परिवारलाई आर्थिक सहायता पाईन्छ भन्ने अलिकति ज्ञान र अरुसँग सोधखोज गरेर क्षतिपूर्तिस्वरुप रु २१ लाख श्रीमती धर्कमाया गैह्रेले प्राप्त गर्नुभयो।

वैदेशिक रोजगार बोर्डबाट रु. सात लाख र बीमा कम्पनीबाट रु. १४ लाख गरी कूल रु. २१ लाख प्राप्त गरेको उहाँले बताउनुभयो। “पढ्दै गरेका विद्यार्थीका लागि १८ वर्ष उमेरसम्म छात्रवृत्ति पनि पाइने रैछ उहाँले भन्नुभयो, “छात्रवृत्तिका लागि कागजातहरु पेश गरेर प्रक्रियामा रहेको छ।’ आफू पनि विदेश बसेर आएकाले यसबारेमा थोरै जानेको र धेरै कुरा अरुसँग बुझेर उजुरी गरेसँगै क्षतिपूर्तिबापतको रकम प्राप्त गरेको उहाँ बताउनुहुन्छ।

जिल्ला प्रशासन कार्यालय स्याङ्जामा सुरक्षित आप्रवासन परियोजना (सामी) आप्रवासी स्रोत केन्द्र रहेको छ भने इलाका प्रशासन कार्यालय वालिङमा आप्रवासी स्रोत उपकेन्द्र रहेको छ। यस आप्रवासी स्रोत उपकेन्द्रमा आवश्यक सबै कागजातहरुसहित उजुरी गरेपछि सोही केन्द्रको पहलमा वालिङमै क्षतिपूर्ति रकम प्राप्त गरेको उहाँले बताउनुभयो । वालिङबाटै सेवा पाइने भएपछि अन्यत्र जानु परेन सबै काम यहीँबाट भएकाले सहज भयो।

आप्रवासी स्रोत उपकेन्द्र वालिङबाट स्याङ्जाका वालिङ, भीरकोट, चापाकोट, गल्याङ नगरपालिका र कालीगण्डकी गाउँपालिकासहित दक्षिण पर्वत र पाल्पाको रामपुरको केही भेगका मानिसले सेवा लिने गरेका छन् । उपकेन्द्रमार्फत रोजगारीका सिलसिलामा विदेशमा मृत्यु भएको व्यक्तिको शवलाई नेपाल ल्याई पुर्‍याउनका लागि पहलसहित आवश्यक समन्वय गर्दै आएको छ।

वैदेशिक रोजगारीमा गई समस्यामा परेका अझैपनि धेरै व्यक्ति तथा परिवारले विभिन्न खालका सहयोग पाउने भएपनि उजुरी नगरेकै कारण बञ्चित हुने गरेका छन्। श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गई भिसा अवधिभर काम गर्ने सिलसिलामा मृत्यु भएको, अङ्गभङ्ग भएको, ठगिएको, बेपत्ता भएको, बिरामी भएको लगायतका घटनाहरुमा उजुरी गरेको खण्डमा वैदेशिक रोजगार बोर्डमार्फत आर्थिक सहायता र ठगी, बेपत्ताहरुको खोजी तथा उद्धारको कार्यकालागि आप्रवासी स्रोत उपकेन्द्रले पहल गर्दै आएको छ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत वालिङ नगरपालिकाले सञ्चालन गरेको छ। हरेक टोल टोलमा वैदेशिक रोजगारसम्बन्धी समस्या हुनसक्ने तर समाधानका लागि सम्बन्धित निकाय तथा प्रक्रियाका बारेमा ज्ञान नहुँदा उजुरीहरु कम पर्ने गरेको वालिङस्थित इलाका प्रशासन कार्यालयमा रहेको आप्रवासी स्रोत उपकेन्द्र वालिङका सूचना तथा परामर्शकर्ता कोपिल भुसालले बताउनुभयो।

‘श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गइसकेपछि भिसा अवधिभर रोजगारीमा गएको व्यक्ति स्वयं वा परिवारको सदस्य कसैलाई कुनै समस्या भएमा उजुरी गर्न सक्नुहुन्छ’ उहाँले भन्नुभयो, “श्रम अवधिभित्र उपकेन्द्रमा उजुरी गरेमा आर्थिक सहायताका लागि पहल गर्न सकिन्छ।’ आर्थिक सहायता पाइन्छ भन्ने विषय नै कतिपयलाई थाहा नभएकै कारण उजुरी नगरेको वा श्रम अवधि सकिएपछि (हदम्याद नाघेपछि) मात्रै उजुरी गर्न आउने गरेका छन्।

‘वैदेशिक रोजगारीमा गएको ब्यक्तिको घर परिवारमा कुनै घातक रोग (मिर्गौला, मुटु, क्यान्सर, अल्जाइमर लगायत) लाग्दा पनि परिवारलाई आर्थिक उपचार सहायता प्राप्त हुन्छ’ उहाँले भन्नुभयो, “केही व्यक्तिहरुलाई जानकारी भएपनि धेरैजसो व्यक्तिहरु यो विषयका बारेमा अनभिज्ञ रहेका छन्।’

वैदेशिक रोजगारमा जान चाहनेहरुका लागि सोसम्बन्धी समस्याहरुका बारेमा उपकेन्द्रमार्फत दैनिक ४०-५० जनालाई आवश्यक परामर्श दिने गरिएको उहाँले बताउनुभयो । दुई वर्षअघि स्थापना भएको उपकेन्द्रले हालसम्म छ हजार ९४५ जनालाई परामर्श सेवा दिएको छ । उपकेन्द्र सञ्चालनमा आएसँगै हालसम्म विभिन्न २५ वटा उजुरी सहजीकरणका लागि दर्ता भएका छन्। यसमा बिरामी सात, मृत्यु पाँच, ठगी छ, बेपत्ता दुई र अन्य पाँच वटा रहेका छन्। कूल २५ वटा उजुरीमध्ये हालसम्म १५ वटा समाधान भइसकेका छन् भने १० वटा प्रक्रियामा रहेको कार्यालयले जनाएको छ।

वैदेशिक रोजगार बोर्डमार्फत वैदेशिक रोजगारीमा गई मृत्यु भएकाको परिवारलाई बीमा र बोर्डबाट गरी रु २२ लाखभन्दा बढी परिवारले आर्थिक सहायता पाउने गरेका छन् । बिरामी तथा अङ्गभङ्ग भएकाहरुका लागि आर्थिक उपचार सहायता, ठगीका लागि निशुल्क कानूनी सहायता, बेपत्ताका लागि खोजी तथा उद्दार, विदेशमा जेलमा परेमा रु १५ लाखसम्म कानूनी उपचारका लागि सहायता गर्ने, विद्यार्थीका लागि छात्रवृत्ति र मृत्यु भएकाका लागि क्षतिपूर्ति गरी कुल रु एक करोड १९ लाख ४७ हजार उपलब्ध गराउन उपकेन्द्रमार्फत सहजीकरण गरिएको उहाँले बताउनुभयो।

वैदेशिक रोजगारमा गई अभिभावक गुमाएका परिवारका छोराछोरी दुई जनाले १८ वर्ष नपुग्दासम्म छात्रवृत्ति पाउने गरेका छन्। गत आर्थिक वर्ष २०७८/७९ मा चार जना विद्यार्थीले रु. आठ हजारका दरले छात्रवृत्ति प्राप्त गरेका छन् । दश जनालाई सीप तथा तालीमका लागि सिफारिस गरिएकामा तालीम लिई दक्ष भएका छन्।

सम्बन्धित स्थानीय तहको सिफारिसमा कागजात अध्ययन गरी वैदेशिक रोजगार बोर्डमा सिफारिस गरिने भएकाले कोही पनि जानु पर्दैन। पीडितको बैंक खातामा आर्थिक सहायता बापत रकम भुक्तानी हुने गरेको छ । ‘वैदेशिक रोजगारीमा जाने स्वयं व्यक्ति वा परिवारको कुनै सदस्य समस्यामा परेमा क्षतिपूर्ति वा आर्थिक सहायता पाउने व्यवस्था छ’ उहाँले भन्नुभयो, “हदम्याद नाघेकै कारण कतिपय पीडितहरु क्षतिपूर्ति लिनबाट बञ्चित हुनु भएको छ ।’ वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनका लागि आप्रवासी स्रोत उपकेन्द्रले सहजीकरण गर्दै आएको उपकेन्द्र व्यवस्थापन समितिका सदस्य एवं वालिङ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले बताउनुभयो । वैदेशिक रोजगारीमा जानेहरुका लागि सुरुआतमा राहदानी बुझाउनेदेखि घर फर्कुञ्जेलसम्मको सावधानीका बारेमा परामर्श दिइने गरेको छ। “जहाँ राहदानी बन्छ, त्यही ठाउँमा केन्द्र स्थापना गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियामा रहेका/गएकाहरुका लागि कानूनी सहजीकरण, परामर्श तथा सूचनाहरु दिने गरिन्छ’ सदस्य भट्टराईले भन्नुभयो, “उपकेन्द्रमा परेका उजुरीहरुको नगरपालिकामार्फत सम्बन्धित निकायहरुमा सिफारिस गरी उद्दार, राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन सहजीकरण गर्दै आएका छौं।’

वैदेशिक रोजगारमा रहेका कामदार र कामदारका परिवारको उचित संरक्षण गर्ने, गन्तव्य मुलुकमा सुरक्षित र सम्मानजनक रुपमा काम गर्न सक्ने गरी कामदारलाई सूचना, सीप र परामर्शलगायतको सहयोग गर्ने, वैदेशिक रोजगारमा सम्बद्ध निकायहरुको क्षमता अभिवृद्धि गरी वैदेशिक रोजगारलाई थप उपलब्धीमूलक बनाउने उद्देश्य उपकेन्द्रको रहेको छ। उपकेन्द्रमार्फत विशेषगरी सूचना तथा परामर्श दिने, सीप विकास तालीमहरु सञ्चालन गर्ने, न्यायमा पहुँच विस्तार गर्ने, मनो-सामाजिक परामर्श दिने र वित्तीय साक्षरताका बारेमा जानकारी गराउने कार्य गर्ने समिति सदस्य भट्टराईले बताउनुभयो।

उपकेन्द्रमार्फत वैदेशिक रोजगारमा रहेका कामदारका परिवार तथा फर्केका कामदारको सञ्जाल निर्माण गर्ने, कार्यक्रम साझेदारहरुबीच समन्वय गर्ने, संयन्त्र निर्माण र समुदायसँगको सहकार्यमा कामदारको समस्या समाधानका लागि सहजीकरण प्रणालीको विकास गर्न विभिन्न कार्यहरु गर्ने रहेका छन् । त्यस्तै कार्यक्रमका सेवालाई दिगोरुपमा सञ्चालन गर्न प्रदेश सरकार र स्थानीय तहलाई आवश्यक नीति, कार्यविधि, योजना तर्जुमा तथा कार्यान्वयनकालागि आवश्यक सहयोग पुर्‍याउने रहेको सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन २०७९ मा उल्लेख गरिएको छ।

‘सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी सूचना तथा परामर्श सेवा उपलब्ध गराउनुका साथै निःशुल्क सीप तालीमको जानकारी तथा सिफारिस गर्दै आएका छौं समिति सदस्य भट्टराईले भन्नुभयो, “रोजगारीको क्रममा ठगी तथा समस्यामा परेका व्यक्ति तथा तिनका परिवारहरुलाई कानूनी उपचारका लागि सहजीकरण र देखिएका समस्या र उपलब्धीहरुको विवरण तयार पारी तोकिएको निकायमा पठाउने गरिएको छ।’ श्रम र रोजगारीको सम्बन्धमा समन्वय तथा सहकार्य गर्ने, वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्रदान गरिने आर्थिक सहायता तथा कल्याणकारी सेवा सम्बन्धमा सूचना प्रदान गर्ने र सहजीकरण गर्ने, स्वदेश फर्किएका व्यक्तिहरुलाई सामाजिक तथा आर्थिक पुनः एकीकरणसम्बन्धी सूचना प्रदान गरी सोसँग सम्बन्धित निकाय तथा कार्यक्रममा सिफारिस गर्ने कार्य उपकेन्द्रले गर्दै आएको छ।

त्यस्तैगरी उल्लेख्य सङ्ख्यामा वैदेशिक रोजगारीमा गएका ठाउँका सीमान्तकृत समुदाय तथा विभिन्न पेशा र क्षेत्रका व्यक्तिहरुलाई लक्षित गरी समुदाय अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। वैदेशिक रोजगारीमा जान चाहने व्यक्ति तथा तिनका परिवारलाई सूचना प्रदान गर्न वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई रिटर्नी स्वयंसेवकको रुपमा परिचालन गर्न सकिने व्यवस्था समेत रहेको छ । वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणको उचित व्यवस्थापन तथा उत्पादनमूलक क्षेत्रमा उपयोग गरी आय आर्जन बृद्धि गर्नुका साथै रोजगारीको अवसर सिर्जना गर्नतर्फ अभिप्रेरित गर्नुपर्ने देखिएको उहाँले बताउनुभयो । समिति सदस्य भट्टराईले भन्नुभयो, “घरपरिवारलाई लक्षित गरी समुदायस्तरमा सामूहिकरुपमा वित्तीय साक्षरता कक्षा सञ्चालनले विप्रेषणको सही सदुपयोग गरी आम्दानी र उत्पादनसँग जोड्न सकिन्छ।

श्रम स्वीकृति लिएर वालिङ नगरपालिकाभित्रका हाल आठ हजारको हाराहारीमा वैदेशिक रोजगारीका लागि विभिन्न मुलुकमा गएका छन्। उनीहरुबाट वालिङ नगरपालिकाभित्र रु एक अर्ब ११ करोड विप्रेषण भित्रिएको समिति सदस्य भट्टराईले जानकारी दिनुभयो। वैदेशिक रोजगारीमा गएकाहरुबाट सबैभन्दा धेरै बिरामी तथा ठगीका उजुरीहरु आएका छन्।

यहाँबाट वैदेशिक रोजगारीमा गएका दुई सय जना स्वदेश फर्केर व्यवसाय सञ्चालनमा लागेका छन् । “वैदेशिक रोजगारसँगै पारिवारिक विचलन, घरेलु हिंसा, सीपको अभावका कारण उत्पन्न हुने समस्याहरुका बारेमा सहजीकरण गर्ने गरी वडा/वडामा कार्यक्रमहरु सञ्चालन गर्छौं समिति सदस्य भट्टराईले भन्नुभयो, “यसले गर्दा वैदेशिक रोजगारीमा जान चाहनेहरु सीप सिकेर जाने हुँदा सीप अनुसारको काम र पारिश्रमिक पाउँछन् भने कुनै समस्याहरु भएमा उजुरी गर्ने र फर्किसकेपछि विप्रेषणको उचित व्यवस्थापनका बारेमा जानकार हुन्छन्।

# विश्व 'हरित ऊर्जा' प्रवर्द्धनमा केन्द्रित हुनुपर्छ : ऊर्जामन्त्री भुसाल



काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालले 'हरित ऊर्जा'का लागि लगानी जुटाउन सामूहिक प्रयाससहित थप अवसर पहिल्याउनुपर्ने बताउनुभएको छ। उहाँले जलवायु वित्तको जोहो गरेर विश्व 'हरित ऊर्जा'को प्रवर्द्धनमा केन्द्रित हुनुपर्नेमा जोड दिनुभएको हो।

'कोप-२७' तयारीका लागि थाइल्याण्डको बैंककमा बिहीबार आयोजित 'जलवायु परिवर्तन र दिगो विकासका लक्ष्य प्राप्तिको प्रयासमा लगानी परिचालनसम्बन्धी मञ्च' बैठकको 'हरित ऊर्जाका लागि जलवायु वित्त लगानी' विषयक सत्रमा भर्चुअल सम्बोधन गर्दै मन्त्री भुसालले भन्नुभयो, "स्वच्छ ऊर्जाको प्रवर्द्धनमा विश्व केन्द्रित हुनुपर्छ, त्यसका लागि सामूहिकरूपमा जलवायु वित्तको जोहो गर्न आवश्यक छ।" उहाँले विशिष्ट भौगोलिक बनोट र जलवायु-संवेशनशील जीवन शैलीका कारण नेपाल जलवायु परिवर्तनको असरको उच्च जोखिममा रहेको उल्लेख गर्नुभयो।

अतिकम विकसित मुलुक भएर पनि नेपालले '१.५ डिग्री तामक्रम'को लक्ष्य प्राप्तिका लागि महत्वपूर्ण योगदान गरेको उल्लेख गर्दै मन्त्री भुसालले विश्वका मुलुकले कार्बन उत्सर्जन न्यूनीकरणका लागि महत्वकांक्षी लक्ष्य लिएर काम गर्नुपर्ने बेला आएको बताउनुभयो।

वार्षिक ऊर्जा खपत दरलाई आधार मान्ने हो भने नेपालमा उत्पादन भएको जलविद्युत् बढी हुने उल्लेख गर्दै उहाँले आगामी सन् २०२५ देखि नेपाल वर्षभरि नै जलविद्युत् निर्यात गर्ने मुलुक बन्ने जानकारी गराउनुभयो । खपत गरेर बाँकी भएको ऊर्जा 'हरित हाइड्रोजन' उत्पादनमा प्रयोग गर्ने तयारी गरिएको बताउँदै मन्त्री भुसालले भन्नुभयो, "ग्रीन हाइड्रोजनका लागि हामीले उपयुक्त पहल गरिरहेका छौं।"

ग्रिन ग्रीड अवधारणाअनुसार कोप-२६ मा 'एक सूर्य, एक विश्व र एक ग्रिड' को सुरुआत गरिएको उल्लेख गर्दै उहाँले हरित ऊर्जासम्बन्धी विश्व अवधारणा पूरा गर्नका लागि नेपालजस्ता देशमा प्रसारण लाइनको निर्माण तथा पूर्वाधार विकासको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । नेपालमा अधिक मात्रामा नवीकरणीय ऊर्जा जलविद्युत् प्रयोग हुँदै आएको उल्लेख गर्दै मन्त्री भुसालले भन्नुभयो, "सौर्य ऊर्जा उत्पादनका लागि पनि नेपालमा पर्याप्त सम्भावना छ।"

आफ्नो देशले शून्य कार्बन उत्सर्जनको रणनीति लिएको जानकारी गराउँदै मन्त्री भुसालले भन्नुभयो, "नेपालले सन् २०४५ मा शून्य कार्बन उत्सर्जन गर्ने देश बन्ने लक्ष्य लिएको छ, स्वच्छ ऊर्जाको व्यापार गरेर नेपालमा मात्र होइन देश बाहिर पनि कार्बन उत्सर्जनलाई न्यूनीकरणमा योगदान गर्न चाहन्छ।"

स्वच्छ ऊर्जा प्रयोग गर्न सुरु गरिसकेको बताउँदै मन्त्री भुसालले भन्नुभयो, "पछिल्लो दशकमा हामीले विद्युत् पहुँचलाई व्यापक विस्तार गरेका छौं, देशको ९५ प्रतिशत जनतालाई राष्ट्रिय प्रसारण लाइनमार्फत विद्युत् पुऱ्याएका छौं, आगामी सन् २०२४ सम्ममा हामीले देशभर स्वच्छ ऊर्जा विद्युत् पुऱ्याउने लक्ष्य लिएका छौं।"रासस

# 'अध्यादेश र हालको विधेयकमा अङ्गीकृत नागरिकता सम्बन्धमा कुनै फरक छैन'

काठमाण्डु । विसं २०७८ मा केपी शर्मा ओली प्रधानमन्त्री हुँदा पेश गरिएको नागरिकतासम्बन्धी अध्यादेश र हाल पेश भएको नागरिकतासम्बन्धी विधेयकमा वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्थामा कुनै फरक छैन । नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलाले वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गर्न अहिले नयाँ व्यवस्था गरिएको जस्तो वा जनमानसमा हल्ला चलेको जस्तो पाँच वर्ष वा सात वर्ष जस्ता कुनै पनि समयावधि तोकिएको थिएन।



तर यस सम्बन्धमा भ्रम फैलाइएको भन्दै नेपाल सरकारले यस सम्बन्धमा स्पष्ट पारेको छ । गृहमन्त्री बालकृष्ण खाणले वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्था नेपाल नागरिकता ऐन, २००९ देखि नै क्रियाशील रहेकाले विगत ७० वर्ष अगाडिदेखि नै प्रचलनमा रहेको र यसैका आधारमा नागरिकता पाइरहेको भनी उल्लेख गर्नुभयो । विसं २०७५ साउन २२ गते तत्कालीन प्रधानमन्त्री ओलीको पालामा दुई तिहाई बहुमतको सरकारले संसद्मा नागरिकता विधेयक पेश गरे पनि त्यो पारित नभई अनिर्णित अवस्थामै रहेको थियो। पछि विसं २०७८ जेठ ९ गते राष्ट्रपतिबाट जारी भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ मा वैवाहिक अङ्गीकृतबारे कुनै उल्लेख गरिएको छैन। यसको अर्थ हाल पेश गरिएको विधेयकको जस्तै नेपालको संविधान २०७२ र नेपाल नागरिकता ऐन, २०६३ मा भएको व्यवस्थालाई नै अध्यादेशमा निरन्तरता दिइएको उहाँले बताउनुभयो।

नागरिकता नागरिक र राज्यबीचको सम्बन्धको आधार हो । राज्यले प्रत्याभूत गर्नुपर्ने मौलिक हक, आर्थिक, सामाजिक र राजनीतिक अधिकार एवं राज्यप्रति नागरिकको कर्तव्य सुनिश्चित गर्न राज्यले आफ्ना नागरिकलाई नागरिकको दर्जा दिएर वैधानिकता प्रदान गरेको हुन्छ । नेपालको संविधान २०७२ को धारा १० ले 'कुनै पनि नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गरिने छैन' भन्ने व्यवस्था गरेको छ।

**नागरिकता विधेयक अहिले ल्याउन किन आवश्यक ?**

नेपाल नागरिकता ऐन, २०६३ र नेपालको अन्तरिम संविधान, २०६३ ले जन्मको आधारमा नागरिकता प्रदान गर्ने व्यवस्था गरेको थियो । (२०४६ चैत्र मसान्तसम्म नेपाल सरहदभित्र जन्म भई नेपालमा स्थायीरूपले बसोबास गर्दै आएको व्यक्तिलाई) जन्मको आधारमा नागरिकता लिएका व्यक्तिका सन्तानलाई वंशजको आधारमा नागरकिता दिने प्रावधान नेपालको संविधान २०७२ को धारा ११ ले गरेको छ। यसरी विसं २०७२ मा संविधानले गरेको व्यवस्थालाई सात वर्ष बित्न लागि सक्दा पनि संसद्ले ऐन बनाएर कार्यान्वयन गर्न नसकेको सन्दर्भमा वर्तमान सरकारले नागरिकतासम्बन्धी विधेयक अघि बढाउनुपरेको गृहमन्त्री खाणले बताउनुभयो । बाबु आमा दुवै नेपाली नागरिक भएता पनि उनीहरुका लाखौँ सन्तानले नेपाली नागरिकता नपाएकै कारण उच्च शिक्षा लिन, सिमकार्ड लिन, सवारी चालक अनुमतिपत्र लिन, बैंक खाता खोल्न, व्यवसायका लागि प्यान कार्ड बनाउन, राहदानी बनाउन, लोकसेवा आयोगको परीक्षा दिन, राष्ट्रिय परिचयपत्र प्राप्त गर्न, जन्मदर्ताबाहेकको अन्य घटना दर्ता गर्न, उद्योग व्यवसाय दर्ता गर्न, सङ्घसंस्था दर्ता लगायतका गतिविधि गर्न नपाएर मानवीय जीवनयापन गर्न कठिनाइ भएको छ।

उहाँले भन्नुभयो, "संवैधानिक प्रावधानअनुरूप नेपाली नागरिकलाई नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित गराई राज्यविहीनताको अवस्थामा राख्न मिल्दैन । यसो गर्नु भनेको राज्य आफ्नो नागरिकप्रतिको दायित्वबाट विमुख हुनु हो। यही अवस्थालाई हृदयङ्गम गरी राज्यले आफ्नो दायित्व बोध गर्दै नेपाली बाबु आमाका सन्तानलाई नागरिकता उपलब्ध गराउन यो विधेयक ल्याउन जरुरी भएको हो।'

**वैवाहिक अङ्गीकृत नागरिकताका सम्बन्धमा फैलाइएको भ्रम**

नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलालाई एक हातले सिन्दुर र अर्को हातले नागरिकता दिने व्यवस्था अहिलेको विधेयकले गर्न लागेको र यसले राष्ट्रियता नै खतरामा पर्ने भनी दुष्प्रचार गरेर निहित राजनीतिक स्वार्थ पूरा गर्न नेपाली जनतामा भ्रम सृजना र दुष्प्रचार भएको जस्तो विधेयकमा कुनै पनि व्यवस्था राखिएको छैन।

**वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी वास्तविकता**

नेपाल सरकारको वैधानिक कानून, २००४ पद्म शम्शेरको पालामा जारी भएको थियो । त्यसमा नागरिकतासम्बन्धी प्रावधानको बारेमा उल्लेख गरिएको थिएन। नेपाल नागरिकता ऐन, २००९ दफा (३) मा 'नेपाल राज्यको कानून र नीतिबमोजिम नेपाली नागरिकको साथ कुनै किसिमको वैवाहिक सम्बन्ध भएको स्वास्नी मानिस नेपाल नागरिक ठहर्नेछ' भनी उल्लेख थियो।

यसैगरी नेपालको संविधान, २०१९ धारा ८ मा 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी नारीको हकमा निजले सो विदेशको नागरिकता त्यागेपछि नेपालको नागरिकता प्राप्त गर्ने सक्नेछ' भनी उल्लेख छ । नेपाल नागरिकता ऐन, २०२० मा 'नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेश गर्नुपर्ने' उल्लेख छ। नेपाल अधिराज्यको संविधान, २०४७ धारा ९ (५) मा 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले विदेशको नागरिकता त्याग्ने कारबाही चलाएपछि नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ' भन्ने व्यवस्था छ।

नेपाल नागरिकता ऐन, २०६३ दफा ५ (१) मा 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपाली नागरिकता प्राप्त गर्न चाहेमा नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्धको र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेश गरी निवेदन दिनुपर्ने' उल्लेख छ। यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ धारा ६ मा 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानूनबमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्ने' व्यवस्था छ। नेपालको संविधान, २०७२ धारा ६ मा पनि 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानूनबमोजिम नेपालको अङ्गीकृत नागरिकता लिन सक्नेछ' व्यवस्था छ।

**नेपालको संविधान र विशिष्ट पदका लागि नागरिक अधिकारमा सङ्कुचन**

नेपालको संविधानको धारा २८९ ले राज्यको विशेष महत्व र मर्यादाको पदका लागि नागरिकका बीचमा अधिकारको सामान्य विभेद र सङ्कुचन गरेको छ। राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेशसभाको सभामुख र सुरक्षा निकायका प्रमुख पदमा निर्वाचित, मनोनित वा नियुक्ति हुन वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनुपर्ने उल्लेख छ । माथिका पदबाहेक अन्य संवैधानिक निकायको पदमा संविधानबमोजिम नियुक्तिका लागि नेपालको अङ्गीकृत नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा कम्तीमा १० वर्ष, जन्मको आधारमा र वैवाहिक अङ्गीकृत नागरिकता प्राप्त गरेको व्यक्तिको हकमा कम्तीमा पाँच वर्ष नेपालमा बसोबास गरेको हुनुपर्नेछ।

**नागरिकता विधेयक आउँदा के हुन्छ ?**

नेपाली नागरिक बाबु आमाका करिब लाखौँ सन्ततिहरु नागरिकता नपाएकै कारणबाट चरम निराशा र राज्यविहीनताको अवस्थामा रहेका छन्। त्यस्ता व्यक्तिहरुले नागरिकता प्राप्त गरी राज्यबाट प्राप्त हुने सुविधा प्राप्त गर्ने र राज्यप्रति अपनत्व बढ्ने तथा दायित्वबोध हुने गृहमन्त्री खाणको भनाइ छ । यसैगरी गैरआवासीय नेपाली नागरिकलाई राजनैतिक र प्रशासनिक अधिकार बाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार मात्र दिने गरी नागरिकता प्रदान गर्ने व्यवस्थाले उनीहरुले संवैधानिक व्यवस्थाबमोजिमको अधिकार प्राप्त गर्नेछन्।

नेपालभित्र फेला परेका पितृत्व र मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक बाबु वा आमाको पत्ता नलागेसम्म १६ वर्ष पूरा भएपछि वंशजको नागरिकता पाउन सक्ने, संस्था वा कानूनी संरक्षकद्वारा हुर्काइएको अवस्थामा त्यस्तो संस्थाको सिफारिस वा संरक्षकको नागरिकता तथा स्थानीय तहको सिफारिसको आधारमा वंशजको नागरिकता प्राप्त गर्ने व्यवस्था विधेयकमा छ।

नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निज र निजको आमाले गरेको स्वघोषणाका आधारमा वंशजको नागरिकता प्राप्त गर्न सक्ने विधेयकमा व्यवस्था छ।

**नागरिकता विधेयक नआउँदा के हुन्छ ?**

यक नआएको खण्डमा संविधानले प्रत्याभूत गरेको नागरिकता पाउने अधिकारबाट लाखौं व्यक्ति वञ्चित हुनेछन् । वैवाहिक अङ्गीकृतको हकमा विद्यमान नेपाल नागरिकता ऐन, २०६३ अनुरुप नेपाली नागरिकसँग विदेशी महिलाले वैवाहिक सम्बन्ध र आफूले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा पेश गरी नागरिकता प्राप्त गर्ने व्यवस्थाले निरन्तरता पाउने छ। साथै गैरआवासीय नागरिकहरुले संवैधानिक व्यवस्थाबमोजिमको अधिकार प्राप्त गर्न वञ्चित हुन्छन।

**अध्यादेश र अहिलेको विधेयकमा के फरक छ ?**

विसं २०७८ जेठ ९ गते केपी शर्मा ओली प्रधानमन्त्री भएको मन्त्रिपरिषद्ले सिफारिस गरेर राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा जारी भएको नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८ र हाल पेश भएको विधेयकमा वैवाहिक अङ्गीकृत नागरिकतासम्बन्धी व्यवस्थामा कुनै भिन्नता छैन । अङ्गीकृत नागरिकताको विषयमा नेपाल नागरिकता ऐन, २०६३ को व्यवस्थालाई नै निरन्तरता दिइएको छ। यो ऐन सात दल र तत्कालीन नेकपा माओवादीबीच सहमति भएर जारी भएको थियो । ऐन जारी हुँदा केपी शर्मा ओली उपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री हुनुहुन्थ्यो भने राष्ट्रपति विद्यादेवी भण्डारी सांसद हुनुहुन्थ्यो । साथै सो ऐन जारी हुँदा व्यवस्थापिका संसद्मा प्रतिनिधि रहेका दल र सदस्यहरुमध्ये सबैजसो दल र केही सदस्यहरु वर्तमान सङ्घीय संसद्मा पनि रहनुभएको छ। तत्कालीन अवस्थामा उक्त ऐनमा राखिएको वैवाहिक अङ्गीकृतसम्बन्धी प्रावधानमा सबैको सहमति थियो।

विसं २०७८ मा पेश भएको अध्यादेश र हाल पेश भएको विधेयकमा नयाँ व्यवस्था राखिएको भनेको गैरआवासीय नेपाली नागरिकलाई राजनैतिक र प्रशासनिक अधिकारबाहेक आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको नागरिकताको व्यवस्था मात्र हो।

**निष्कर्ष**

नेपाली नागरिकसँग विवाह गरेकी विदेशी महिलालाई वैवाहिक अङ्गीकृत नागरिकता दिने प्रावधान २००९ सालदेखि (नेपालको संविधान २०१९ को दोस्रो संशोधन २०३२ सालदेखि तेस्रो संशोधन २०३७ हुनु अघिसम्म बाहेक) हालसम्म निरन्तरता पाएको छ । अहिले समयावधि नराखी नागरिकता दिँदा राष्ट्रको अस्मितामा आँच पुग्ने भनी दुष्प्रचार गरेर भ्रम सिर्जना गर्ने काम भएको भन्दै गृहमन्त्री खाणले गुनासो गर्नुभयो।

केपी शर्मा ओली प्रधानमन्त्री कालमा तीन वर्ष पाँच महिनासम्म दुई तिहाइको सरकारले संविधानको प्रावधानअनुरूप नागरिकता ऐन ल्याउन पनि सकेन र वैवाहिक अङ्गीकृतको हकमा समायवधि पनि राखेन । अध्यादेश ल्याउँदा पनि वैवाहिक अङ्गीकृतको हकमा नेपाल नागरिकता ऐन, २०६३ को व्यवस्थालाई निरन्तरता दिई समयावधिको व्यवस्था गरिएन । गृहमन्त्री खाणले भन्नुभयो, "अहिले वैवाहिक अङ्गीकृतलाई नागरिकता दिँदा निश्चित समयावधि तोक्नुपर्ने, नतोक्दा राष्ट्रियता नै खतरामा पर्छ भन्नु दुष्प्रचारभन्दा बढी केही होइन। यो भ्रमबाट सबै नेपाली जनता मुक्त हुनुपर्दछ।'रासस

# नेकपा एसद्वारा निर्वाचन कार्यतालिका सार्वजनिक

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)द्वारा गठित प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचन क्षेत्र समन्वय कमिटीले यही भदौ १० गतेभित्र जिल्ला कमिटीसमक्ष सम्भावित उम्मेदवारको नाम सिफारिस गर्ने भएको छ। जिल्ला कमिटीले भदौ १२ गतेभित्र प्रदेश कमिटीलाई उम्मेदवार सिफारिस गर्ने र प्रदेश कमिटीले भदौ १५ गतेभित्र पार्टीको केन्द्रीय कार्यालयमा नामावली पठाउने कार्यतालिका रहेको छ। केन्द्रीय कमिटीले भदौ २० गतेभित्र उम्मेदवारको टुङ्गो लगाउने पार्टी प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिनुभयो।

उहाँले अगामी मङ्सिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवारको सिफारिस एवं निर्णय गर्न समयतालिका तय गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "संविधानको रक्षा, संसद् पुनःस्थापना, मुलुकमा राजनीतिक स्थिरताका लागि आफ्नो पार्टीले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।"देशभरका लोकतान्त्रिक समाजवादी शक्ति एक ठाउँ भएर मुलुकको स्थिरता र स्थायित्वका लागि संसद् पूर्णकाल सञ्चालन गरी आगामी मङ्सिर ४ गते निर्वाचन गर्न लागिएको उहाँले जानकारी दिँदै निर्वाचनमा साझा उम्मेदवार उठाइने बताउनुभयो।

प्रचार विभाग प्रमुख खतिवडाले पार्टीले अहिलेसम्म करिब सात लाख सदस्यता वितरण गरिसकेको जानकारी दिनुभयो। पार्टी स्थापनाको एक वर्षका अवधिमा दुई लाखभन्दा बढी व्यक्ति पूर्णकालीन सदस्य तथा पाँच लाख साधारण सदस्य भएको उहाँले जनाउनुभयो। पाँच हजार वडा विस्तार गरेको पार्टीले गत वैशाख ३० मा सम्पन्न स्थानीय तह निर्वाचनमा २७ प्रतिशत सिटमा उम्मेदवारी दिएको थियो। निर्वाचनमा नौ लाखभन्दा बढी मत प्राप्त भएको पार्टीले जनाएको छ। नेकपा (एमाले)को वैचारिक दृष्टिकोणबाट असहमति प्रकट गर्दै नेता तथा कार्यकर्ताको विद्रोहबाट पार्टीको जन्म भएको थियो।रासस

# ग्रेटर पोखराको अवधारणाका साथ पर्यटन विकास आवश्यक : मुख्यमन्त्री पोखरेल

गण्डकी। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले ग्रेटर पोखराको अवधारणका साथ पोखराको पर्यटकीय विकास अघि बढाउनुपर्ने बताउनुभएको छ।

पोखरा पर्यटन परिषद्को २२औँ साधारणसभा तथा १२ औँ अधिवेशनको बिहीबार उद्घाटन गर्दै उहाँले प्रदेशको समृद्धिको आधार नै पर्यटन भएकाले ग्रेटर पोखराको अवधारणामार्फत पर्यटन विकास गर्नुपर्ने बताउनुभयो। पोखरालाई वैधानिक रुपमा पर्यटकीय राजधानी घोषणा गर्नुपर्नेमा मुख्यमन्त्री पोखरेलको जोड छ।

गण्डकी प्रदेशसभा सदस्य राजिव पहारीले गण्डकी प्रदेशबाट पारित ऐनमा देखिएका कमीकमजोरीलाई संशोधन गरेर पर्यटनमैत्री ऐनका लागि आफूले पहल गर्ने बताउनुभयो। कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले पर्यटन क्षेत्रका लागि शान्ति सुरक्षाको प्रत्याभूति महत्वपूर्ण हुने र उनीहरूले सुरक्षित ठाउँ नै रोज्ने उल्लेख गर्दै पोखराको शान्ति सुरक्षामा प्रशासनले कुनै कसर बाँकी नराखेको बताउनुभयो।

नेपाल पर्यटन बोर्डका सदस्य मदन आचार्यले पोखरालाई उत्कृष्ट गन्तब्य बनाउनका लागि सबैको साझा उद्देश्य र कार्यगत एकताको खाँचो औँल्याउनुभयो। रासस

# कार्यदललाई प्रतिवेदन पेश गर्न निर्देशन

काठमाण्डु । सत्ता गठबन्धन दलका शीर्षनेताको बिहीबार बसेको बैठकले आसन्न निर्वाचनमा सिट बाँडफाँटको टुङ्गो लगाउन गठित कार्यदललाई सबै निर्वाचन क्षेत्रको विस्तृत तथ्याङ्कसहितको प्रतिवेदन बुझाउन निर्देशन दिएको छ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले आजै अपराह्न ४ बजे बस्ने बैठकमा एक सय ६५ निर्वाचन क्षेत्रको तथ्याङ्कसहितको प्रतिवेदन बुझाउन कार्यदललाई निर्देशन दिएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचनाप्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले जानकारी दिनुभयो। गठबन्धनका शीर्षनेताको बैठक आजै अपराह्न पुनः बस्नेछ। सत्ता गठबन्धन आबद्ध दलहरूले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा सिट बाँडफाँटको खाका बनाउन कार्यदल गठन गरेका थिए। कार्यदलको संयोजक नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौला हुनुहुन्छ।

आगामी मङ्सिर ४ गते एकै चरणमा देशभर निर्वाचन हुँदैछ ।कार्यदलले ती निर्वाचन क्षेत्रको विस्तृत प्रतिवेदन तयार गरी गठबन्धन बैठकमा पेश गर्ने बताइएको छ। रासस

# गृहमन्त्री खाणसँग बेलायती राजदूत पोलिटको भेट

काठमाण्डु । गृहमन्त्री बालकृष्ण खाणसँग नेपालका लागि बेलायती राजदूत निकोला क्याथरिन पोलिटले भेटवार्ता गर्नुभएको छ।



गृह मन्त्रालयमा बिहीबार भएको भेटमा दुई देशको आपसी सम्बन्ध थप प्रगाढ बनाउने विषयमा छलफल भएको थियो । भेटमा गृहमन्त्री खाणले बेलायतको सहयोगमा सन् २०१४-२०२१ सम्म 'सुरक्षा र न्यायको सुदृढीकरणका लागि एकीकृत कार्यक्रम' सफलतापूर्वक सम्पन्नगर्न सहयोग गरेकामा राजदूत पोलिटलाई धन्यवाद दिनुभयो।

परियोजनालाई निरन्तरता दिँदै बेलायतको 'फरेन कमनवेल्थ एण्ड डेभलभमेन्ट अफिल'ले सन् २०२१ को अक्टोबरमा नै उक्त कार्यक्रम पुनः स्वीकृत गरिसकेको थियो । नेपाल र बेलायतबीच यस सहयोगलाई कार्यान्वयन गर्ने सम्झदारीपत्रमा हस्ताक्षर गर्ने सन्दर्भमा उहाँले गृहमन्त्रीसँग भेटवार्ता गर्नुभएको गृहमन्त्रीको सचिवालयले जनाएको छ।

मन्त्री खाणले परियोजनाले पहिलो चरणमा सुरक्षा र न्यायमा जनताको पहुँच बढाउन, लैङ्गिक हिंसा रोक्न तथा प्रहरी र समुदायको सम्बन्ध थप बलियो बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो । यसकै निरन्तरतास्वरुप परियोजनाको दोस्रो चरण लागू गर्न आवश्यक 'एमओयू'को मस्यौदामा नेपाल प्रहरीलाई धेरैभन्दा धेरै उपकरण र भौतिक संरचनामा सहयोग गर्ने गरी पुनरावलोकन गर्न नेपाल सरकारले गरेको आग्रहलाई बेलायतले सकारात्मकरूपमा लिएकामा मन्त्री खाणले राजदूतमार्फत बेलायत सरकारलाई धन्यवाद दिनुभयो।

भेटमा बेलायती राजदूत पोलिटले नेपालमा सङ्क्रमणकालीन न्यायबारे चासो व्यक्त गर्नुभएको थियो । मन्त्री खाणले राजनीतिक द्वन्द्व व्यवस्थापनका लागि सरकार विभिन्न राजनीतिक समूह र विद्रोहीसँग गरिएका सहमति कार्यान्वयनका लागि प्रतिबद्ध रहेको बताउनुभएको थियो । उहाँले नेत्रविक्रम चन्द (विप्लव) जनमत पार्टी र थारू कल्याणकारी सभासँग भएका सहमति कार्यान्वयनको चरणमा रहेको जानकारी दिनुभयो।

सरकारले दिगो शान्ति स्थापना, लोकतन्त्रको सुदृढीकरणका लागि विभिन्न राजनीतिक दलहरूसँग सहमति गरेको र त्यो सहमति कार्यान्वयनको चरणमा रहेको चर्चा गर्दै मन्त्री खाणले नेपालको सङ्क्रमणकालीन अवस्थालाई निराकरण गर्न अन्तर्राष्ट्रिय नियोग र विदेशी समुदायले प्रदान गरेको सहयोगका लागि बेलायती राजदूतलाई धन्यवाद व्यक्त गर्नुभयो ।रासस

# कामपा व्यवस्थित शहरीकरण हुन नसकेकामा सांसदहरुको चिन्ता

काठमाण्डु ।राजधानी सहर भएर पनि काठमाण्डुमा फोहर व्यवस्थापन एवं व्यवस्थित शहरीकरण हुन नसकेकामा सांसदहरुले सरोकार भएका निकायको ध्यानाकर्षण गराउनुभएको छ । राष्ट्रियसभा, दीगो विकास तथा सुशासन समितिको बिहीबारको बैठकमा सांसदहरुले काठमाण्डु उपत्यका विकास प्राधिकरणका योजना, कार्यक्रम र उपलब्धिहरु विषयक छलफल कार्यक्रममा एउटै जिम्मेवारी भएका धेरै निकाय भएपनि काम हुन नसकेको बताउनुभएको हो। बैठकमा सांसदहरु कमला पन्त, जगप्रसाद शर्मा, नन्दा चपाइँ, कृष्णप्रसाद पौडेललगायतले सहरमा बुद्धिजीवी र प्रतिष्ठित मानिसको बसाइ हुने भए पनि फोहर र अव्यवस्थाले गिज्याएकामा सरोकार भएका निकायको ध्यान जानुपर्ने बताउनुभयो।



फोहर व्यवस्थापनमा बञ्चरेडाँडाको विकल्पसमेत खोजिनुपर्नेमा सांसदहरुले सहरी विकास मन्त्रालयको ध्यानाकर्षण गराउनुभएको थियो। सांसदहरुले उठाउनुभएको सरोकारको जवाफ दिनुहुँदै सहरी विकास सचिव डा रमेशप्रसाद सिंहले फोहर व्यवस्थापनका लागि मन्त्रालयले समन्वयको काम गरिरहेको बताउनुभयो । राजधानीको जाम व्यवस्थित गर्न बागमती, रुद्रमति, विष्णुमतीलगायत नदी किनारमा बनेको कोरिडोरले सहयोग गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले यस विषयमा काम गर्ने सबै निकायको समन्वयका लागि विधेयक मस्यौदा गरी कानुन मन्त्रालय पठाइएको जानकारी दिनुभयो।

प्राधिकरणको उपलब्धिका विषयमा प्रस्तुति गर्नुहुँदै नायव विकास आयुक्त नवराज प्याकुरेलले सरकारले आर्थिक वर्ष २०६१/६२ को बजेट भाषणमार्फत काठमाडौँ उपत्यकामा प्रस्ताव गरिएको ७२ किमी बाहिरी चक्रपथमध्ये ५४.४८ किमीको विस्तृत परियोजना प्रस्ताव तयार भएको जानकारी दिनुभयो । सतुङ्गल खण्डको ६.६ किमीको जग्गा अधिग्रहणका लागि सरकारसमक्ष पेश गरिएको जानकारी पनि उहाँले गराउनुभयो । रासस

## बाल्टिमोर गोलीबारीमा एक को मृत्यु, छ घाइते

**एएनआई**

मेरिल्याण्ड । अमेरिकाको मेरिल्याण्ड राज्यमा बुधबार दिउँसो गोली चल्दा एक जनाको मृत्यु भएको छ भने अन्य छ जना घाइते भएका छन् ।

घाइतेको उपचारका क्रममा मृत्युभएको प्रहरीले जनाएको छ । पीडित सबै वयस्क पुरुष रहेका छन् ।

पीडित सबै वयस्क पुरुष हुन् । बन्दुकको गोली लागेर घाइते भएका पाँच जना घाइतेलाई उपचारको लागि क्षेत्रीय अस्पतालमा पुऱ्याएको छ । घटना बारे थप अनुसन्धान जारी छ ।

## इथियोपियामा पुनःहिंसा बढेकामा संयुक्त राष्ट्रसङ्घीय महासचिव स्तब्ध

**सिन्ह्वा**



संयुक्त राष्टसङ्घ । संयुक्त राष्ट्रसङ्घीय महासचिव एन्टोनियो गुर्टेसले इथियोपियामा पुनःहिंसाको सुरुवात भएकामा आफू स्तब्ध भएको बताउनुभएको छ ।

उहाँले भन्नुभएको छ, इथियोपियामा बढेको हिंसाले मलाई निकै दुःखी तुल्याएको छ, म स्तब्ध भएको छु । उहाँका गिरे, अमराह, ओरोमस, अफ्रासलगायतका क्षेत्र यसअघि नै निकै लामो समदेखि हिंसाको चपेटामा परेका छन्, यहाँ थप हिंसा भड्किएको छ यसले मलाई स्तब्ध बनाएको छ ।

उहाँले यहाँका विद्रोही र सरकारबीचमा जतिसक्दो चाँडो शान्ति वार्ताका लागि पनि जोड दिनुभएको छ । तर वार्ताका माध्यमबाट समस्याको समाधान गर्ने पक्षमा यहाँका विद्रोही नरहेका अधिकारीहरुले जनाएका छन् ।

इथियोपियामा हिंसा गरिरहेका टिगरे पिपुल्स लिबरेसन फन्ट, टिपीएलएफले यहाँ केही वर्षयतादेखि हिंसा मच्चाइरहेको छ ।

उनीहरुको सशस्त्र विद्रोहमा परेर कैयौँ नागरिकको ज्यान पनि गएको छ । संयुक्त राष्ट्रसङ्घले पटक पटक यहाँ शान्ति स्थापनाका लागि सरकार र टिपिएलएफका बीचमा वार्ता गर्न आग्रह पनि गरिरहेको छ । केही दिनयतादेखि यहाँको सरकारले वार्ताका लागि गरेको आग्रहलाई बुधबार सो विद्रोही समूहले अस्वीकृत गरेको छ ।

उता संयुक्त राष्ट्रसङ्घले भने शान्तिवार्तामा जोड दिँदै आएको छ । किनभने टिगरेलगायतका यहाँका कतिपय स्थानमा जारी रहेको हिंसाका कारण मानवीय सहायता लिएर गएका सहायताकर्मीलाई पनि सहायता बाँड्न दिएका छैनन् ।

संयुक्त राष्टसङ्घका कैयौँ कर्मचारी यहाँका विद्रोहीले नियन्त्रणमा लिने र खाद्यान्नलगायतको सहायता सामग्री पनि लुट्ने गरेका छन् ।

## भुटानको टोली साफ च्याम्पियनसीप खेल्न नेपाल आइपुग्यो



काठमाण्डु । नेपालमा आयोजना हुने महिला साफ फुटबल च्याम्पियनसीपमा सहभागी हुन आज भुटानको राष्ट्रिय महिला फुटबल टोली नेपाल आइपुगेको छ ।

यही भदौ २१ देखि असोज ३ गतेसम्म त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आयोजना हुने उक्त च्याम्पियनसीपमा सहभागिता जनाउनका लागि भुटानको टोली नेपाल आइपुगेको हो । साफ च्याम्पियनसीपमा सभागिता जनाउन आउने भुटान पहिलो टोली हो ।

भुटानी टोलीलाई अखिल नेपाल फुटबल सङ्घ (एन्फा) का पदाधिकारीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्नुभएको थियो । च्यापियनसीपमा भुटान समूह ‘बी’ मा रहेको छ । भुटानको समूहमा श्रीलङ्का र नेपाल रहेका छन् ।

उक्त प्रतियोगितामा नेपालसहित सात टोलीले प्रतिस्पर्धा गर्ने खेलतालिका रहेको छ तर केही समयअघि मात्र फिफाले अखिल भारत फुटबल महासङ्घलाई निलम्बन गरसँगै प्रतियोगितामा भारतले सहभागिता जनाउँछ जनाउँदैन भन्ने निश्चित छैन ।रासस

## पूर्वराष्ट्रपति गोटाबाया सेप्टेम्बरको शुरुमा स्वदेश फर्किने



**एएनआई**

कोलम्बा । श्रीलङ्काका पूर्वराष्ट्रपति गोटाबाया राजापाक्षे थाइल्याण्ड निर्वासनको केही दिनपछि सेप्टेम्बरको पहिलो हप्तामै स्वदेश फर्कने तयारीमा छन् ।

राजापाक्षे सेप्टेम्बर २ वा ३ मा फर्किने सम्भावना रहेको डेली मिररले स्रोतलाई उद्धृत गर्दै रिपोर्ट गरेको छ । कोलम्बोमा चर्को राजनीतिक विरोधपछि र देशको आर्थिक सङ्कटबाट आक्रोशित प्रदर्शनकारीबाट खतरा देखेपछि उनी गत जुलाई १३ को बिहान श्रीलङ्काबाट भागेका थिए ।

सिङ्गापुर पुगेपछि उनले राष्ट्रपति पदबाट राजीनामा दिएका थिए जहाँ उनलाई १४ दिने भ्रमण पास जारी गरिएको थियो ।

अगस्ट ११ मा पूर्वराष्ट्रपति श्रीलङ्का सरकारको अनुरोधमा थाइल्याण्ड पुगेका थिए । उनको मिरिहाना निवासमा कडा सुरक्षा व्यवस्था गरिएको छ । थाइल्याण्डले श्रीलङ्काका पूर्वराष्ट्रपतिले देशमा शरण मागेको खबरलाई अस्वीकार गरेको छ । थाइल्याण्डको विदेश मन्त्रालयले राजपाक्षेलाई राजनीतिक शरण नलिने उद्देश्यले देश भ्रमण गर्न अनुरोध गरेको बताएको छ ।

यसअघि श्रीलङ्का पोदुजाना पेरामुना (एसएलपीपी)ले राष्ट्रपति रनिल विक्रमासिङ्घेलाई पूर्वराष्ट्रपति फिर्ताको व्यवस्था गर्न अनुरोध गरेको थियो । त्यसलगत्तै राष्ट्रपतिले राजापाक्षेलाई देश फर्काउने व्यवस्थाबारे छलफल गर्न सम्पर्क गरेको बताइएको छ ।

गोटाबायाका भाइ महिन्दा राजापाक्षे नेतृत्वको एसएलपीपीले बिहीबार वर्तमान राष्ट्रपति रनिल विक्रमासिङ्घेसँगको भेटमा उक्त माग राख्दै गोटाबाया राजापाक्षेलाई श्रीलङ्कामा सुरक्षित यात्रा सुनिश्चित गर्न राष्ट्रपतिसँग अनुरोध गरेको छ ।

## रोहिंग्या शरणार्थीले पाँचौं ‘नरसंहार स्मृति’ मनाए

**एएफपी**



बङ्गलादेश (कुतुपालोङ) । हजारौँ रोहिंग्या शरणार्थीले म्यानमारमा सैन्य आक्रमणबाट भागेको पाँच वर्ष पूरा भएकामा बङ्गलादेशका शिविरमा बिहीबार ‘नरसंहार स्मृति’ मा ऱ्याली आयोजना गरेका छन् ।

सन् २०१७ को अगष्टमा यहाँका सेनाको ज्यादतीबाट करिब सात लाख ५० हजार मुस्लिम अल्पसङ्ख्यक म्यानमारको सिमानामा झरेका थिए ।

उनीहरु यहाँबाट भागेर बङ्गलादेश पुगेका थिए । हाल संयुक्त राष्ट्रसङ्घीय उच्च अदालतमा यो ऐतिहासिक नरसंहार मुद्दाको विषय बनेको छ ।

हाल बङ्गलादेशमा करिब दश लाख रोहिंग्या छन् । तीमध्ये आधा जति १८ वर्ष मुनिका रहेका छन् । शिविरमा रहेका झुपडीमा वर्षाको समयमा उनीहरुलाई निकै कष्ट हुने गर्दछ । शरणार्थी बसेका शिविर वरपरबाट नै बाढी बग्ने गरेको तथा ढलहरु फुटेर पनि समस्या हुने गरेको बताइन्छ ।

बिहीबार यहाँका हजारौँ रोहिंग्या शरणार्थीले शिविरमा नारा लगाउँदै पश्चिमी म्यान्मारको आफ्नो गृह राज्य राखिनमा सुरक्षित फिर्ताको माग गरेका थिए । उनीहरुले पाँच वर्षअघिको त्यो नरसंहारको स्मरण पनि उनीहरुले गरेका थिए ।

## क्रिकेट खेलाडीलाई सम्मान गर्ने

काठमाण्डु । क्रिकेट खेलाडी सङ्घ नेपाल (सिप्यान) को आयोजनामा क्रिकेट अवार्ड भदौ महिनामा हुनेभएको छ ।

खेलाडीले खेल क्षेत्रमा गरेको उल्लेखनीय मेहेनतको मूल्याङ्कन गर्दै यहीँ भदौ २४ गते अवार्ड वितरण गर्ने बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोजक सिप्यानका महासचिव तथा राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान पारस खड्काले बताउनुभयो । उक्त अवार्डमा विभिन्न पाँच विधामा खेलाडीलाई सम्मान गरिनेछ । जसमा वर्ष क्रिकेट खेलाडी पुरुष, वर्ष क्रिकेट खेलाडी महिला, वर्ष उदीयमान क्रिकेट खेलाडी, वर्ष उत्कृष्ट क्षण र विशेष अवार्ड गरी ५ विधामा पुरस्कार वितरण गरिने आयोजकले जनाएको छ ।

वर्ष पुरुष खेलाडी र महिला खेलाडीले ट्रफिसहित जनही रु एक लाख ३२ हजार प्राप्त गर्नेछन । वर्ष उदीयमान खेलाडीले रु ६६ हजार पाउनेछन् ।

त्यसैगरी वर्ष उत्कृष्ट क्षणले भोटिङका आधारमा ६६ हजार र विशेष अवार्ड विजेताले रु एक लाख ३२ हजार प्राप्त गर्नेछन् । कोभिडका कारण गतवर्ष उक्त अवार्ड कार्यक्रम हुन सकेको थिएन । कोभिडपछि अहिलेसम्मको क्षणलाई मूल्याङ्कन गरेर वर्ष उत्कृष्ट क्षणको छनोट गरिने सिप्यानले जनाएको छ ।रासस

## रकेट आक्रमणमा तीन अमेरिकी सैनिक घाइते

**एएनआई**

वासिङ्टन । रकेट हमलामा सिरियामा तीन अमेरिकी सेना घाइते भएका छन् । अमेरिकाले आक्रमणको हेलिकप्टरबाट हमला गरेर जवाफ दिएको अमेरिकी केन्द्रीय कमाण्ड (सेन्टकम)ले विज्ञप्तिमार्फत जनाएको छ ।

मिसन सपोर्ट साइट कोनोकोमा एक सैनिक सामान्य चोटपटक लागेको छ । अन्य दुई जनालाई भने सामान्य चोटपटक लागेको छ । संदिग्ध इरान समर्थित लडाकुले बुधबार साँझ उत्तरपूर्वी सिरियाको कोनोको र ग्रीन गाउँमा अमेरिकी सेना बस्ने दुईवटा अमेरिकी बेसमा रकेट प्रहार गरेका थिए ।

अमेरिकी सेनाले भने सो आक्रमणको हेलिकप्टर प्रयोग गर्दै जवाफ दिएको छ र प्रक्षेपणमा प्रयोग गरिने तीनवटा गाडी र उपकरण नष्ट गरेको बताएको छ । आक्रमण बारे अनुसन्धान भइरहेको छ ।

## भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या आठ हजार पाँचभन्दा बढी

**एएनआई**



नयाँदिल्ली । भारतमा एकै दिनमा कोरोना सङ्क्रमितको सङ्ख्या दश हजारभन्दा बढी भएको छ । यहाँ २४ घण्टाको समयावधी अर्थात बुधबार मध्यरातिसम्म दश हजार सात सय २५ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले बिहीबार सार्वजनिक गरेको छ ।

यसैसँगै भारतमा चार करोड ४३ लाख ७८ हजारभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भएका छन् । भारतमा एक दिन अगाडि अर्थात बुधबार प्रकाशित तथ्याङ्कअनुसार एक दिनमा दश हजार छ सय ४९ जनामा सङ्क्रमण देखापरेको थियो । दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ । भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या ९४ हजार चार सय ४७ जना रहेका छन् ।

गत २४ घण्टाको समयावधीमा कोरोना सङ्क्रमणबाट यहाँ ३६ जनाको मृत्यु भएको छ । यसैसँगै कोरोना सुरु भएबाट हालसम्म पाँच लाख २७ हजार चार सय ८८ भन्दा बढीको मृत्यु भएको छ । भारतमा हिजो एक दिनमा १३ हजार ८४ जना कोरोना मुक्त भएका छन् । यसैसँगै कूल चार करोड ३७ लाख चार सय ५७ जना कोरोनामुक्त भएका छन् ।

नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन् । भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयबाट हालसम्म दुई अर्ब दश करोड ८२ लाखभन्दा बढी मात्रा खोप लगाइएको छ । भारतमा कोरोना सुरु भएयता हालसम्म ८८ करोड ३९ लाख १६ हजार सात सय २३ जना कोरोना भाइरस परीक्षण भएको जनाइएको छ ।

यसैबीच दक्षिण कोरियामा बुधबार मध्यरातसम्मको अभिलेखअनुसार हिजो मात्र एकलाख १३ हजार तीन सय ७१ नयाँ कोभिड-१९ का बिरामी थपिएका छन् ।

## सोमालियामा बालबालिकाको संरक्षणका लागि आग्रह



**सिन्ह्वा**

मोगादिस । सोमालियाका बालबालिकाको संरक्षणका लागि आवश्यक सहयोग उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घले आग्रह गरेको छ । संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी उच्चा आयोगले सो आग्रह गरेको समाचारमा जनाइएको छ । सो आगोगले सोमालियाका बालबालिकाको वर्तमान अवस्था निकै नाजुक रहेकाले तत्कालका लागि कम्तीम पनि ९० लाखभन्दा बढी अमेरिकी डलर उपलब्ध गराउन आग्रह गरेको हो ।

बिहीबार सो संस्थाले संयुक्त राष्ट्रसङ्घीय एजेन्सीका साथै विभिन्न दाता देश तथा संस्थालाई सो आग्रह गरेको हो । यहाँका बालबालिका द्वन्द्वको चपेटामा परेकाले उनीहरुमाथि शोषण भइरहेको, विद्यालय जान पनि नपाएका तथा कुपोषणका कारण मृत्यु हुनेको सङ्ख्या पनि बद्दै गएकाले उक्त सहयोग रकम आवश्यक परेको संयुक्त राष्ट्रसङ्घीय शरणार्थीसम्बन्धी निकायले जनाएको छ ।

यहाँका बालबालिकाको अवस्था दिन प्रतिदिन नाजुक बन्दै गएको र तत्कालका लागि कम्तीमा पनि २३ लाख बालबालिका निकै समस्यामा परेका पनि सो एजेन्सीले जनाएको छ ।

उनीहरुलाई आन्तरिक द्वन्द्वको चपेटाबाट मुक्त गर्न, विद्यालय जानसक्ने अवस्था सिर्जना गर्न तथा कुपोषण हटाउनका लागि आवश्यक खाद्यान्नको जोहो गर्नका पनि सो रकम आवश्यक रहेको उक्त एजेन्सीले जनाएको छ ।

## ताइवानको रक्षा बजेट १४.९ प्रतिशत बढ्यो

**एएनआई**




ताइपेइ । ताइवानले बिहीबार सन् २०२३ का लागि रक्षा बजेटमा १७.३ बिलियन अमेरिकी डलर बजेट प्रस्ताव गरेको छ ।

सो प्रस्तावित बजेट चालू बजेटमा १४.९ प्रतिशतले बढी हो । चीनले स्वशासित टापु वरिपरि आफ्नो सैन्य अभ्यास शुरु गरेको हप्ता दिनपछि सो प्रस्ताव गरिएको हो ।

अमेरिकी तल्लो सदनकी सभामुख न्यान्सी पेलोसीको ताइवान भ्रमणपछि यस क्षेत्रमा तनाब बढेको छ ।

प्रस्तावित बजेटमा नयाँ अत्याधुनिक लडाकु जेट विमान र समुन्द्री तथा हवाई उडानलगायतका कार्यक्रमका लागि एनटीडी १०८.३ समावेश गरिएको छ ।

प्रस्तावित बजेटमा नयाँ अत्याधुनिक युद्ध जेटका लागि एनटीडी १०८.३ र समुद्री तथा हवाई लडाई क्षमता बढाउनका सो लागि कार्यक्रम समावेश गरिएको छ । अर्को विशेष कोष समावेश भएमा कुल बजेट एनटीडी ५८६.३ अर्ब पुग्ने निक्की एशियाले रिपोर्ट गरेको छ । बजेट अब विधायिका युआनमा अनुमोदनको लागि पठाइनेछ जुन अर्को महिनादेखि शुरु हुँदैछ ।

पछिल्लो समय ताइवान बढ्दो चिनियाँ आक्रामकतासँग जुधिरहेको बताइएको छ ।

बेइजिङले यस महिनाको शुरुमा आफ्नो ताइवान वरिपरि आफ्नो सबैभन्दा ठूलो सैन्य अभ्यास सञ्चालन गरेपछि आफ्नो सुरक्षा गर्ने क्षमतामा ताइवानलाई थप चिन्ता बढेको प्रतिवेदनले उल्लेख गरेका छन् ।

सभामुख न्यान्सी पेलोसीको भ्रमणपछि पिपुल्स लिबरेसन आर्मीले ताइवान र यसको बाहिरी टापु वरपर विमान, ड्रोन, क्षेप्यास्त्र र युद्धपोतको तैनाथी बढाएको छ ।

## पूर्वप्रधानमन्त्रीको सुरक्षामा कमजोरी भएको स्वीकार गर्दै जापानका प्रहरी प्रमुखले राजीनामा दिने

**सिन्ह्वा**

टोकियो । जापानका पूर्वप्रधानमन्त्री शिन्जो आबेको गत महिना भएको हत्याको जिम्मेवारी लिन जापानको प्रहरी निकायका प्रमुखले बिहीबार राजीनामा दिने बताउनुभएको छ ।

जापानको प्रहरी (एनपीए) का आयुक्त जनरल इटारु नाकामुराले चुनावी अभियानका क्रममा सडकमा भाषण दिने क्रममा आबेको गोली लागेर मृत्यु भएको समयमा सुरक्षाको समीक्षा सार्वजनिक गरेपछि यस्तो घोषणा गर्नुभएको हो ।

नाकामुराले पत्रकार सम्मेलनमा भन्नुभयो, “एनपीएले यस्तो घटना दोहोरिन नदिन नयाँ प्रणालीअन्तर्गत नयाँ सुरक्षा आवश्यकतामा आधारित उपायहरू निरन्तर कार्यान्वयन गर्न आवश्यक छ भन्ने विश्वास गरेको छ । आज मैले राष्ट्रिय जनसुरक्षा आयोगलाई आफ्नो राजीनामा दिने मनसाय बारे अवगत गराएको छु ।’

उहाँले भन्नुभयो, “मेरो राजीनामा शुक्रबारको मन्त्रीपरिषद् बैठकमा स्वीकृत हुने सम्भावना छ ।’

आबेको हत्यापछि गरिएको समीक्षाको नतिजाले पूर्व नेतालाई सुरक्षा दिन प्रहरी असफल भएको देखाएको छ ।

यसले सुरक्षा योजनामा गम्भीर त्रुटिहरू, घटनास्थलमा अपर्याप्त तैनादी र सञ्चार, र बन्दुकधारीलाई आबेको नजिक पुगेको जानकारी प्राप्त गर्न असफल भएको विस्तृत विवरण दिएको छ ।

आबेले जुलाई ८ मा जापानको माथिल्लो सदनको चुनावअघि पश्चिमी शहर नारामा सम्बोधन गर्नुभएको र सम्बोधनकै क्रममा उहाँमाथि एक बन्दुकधारीले गोली हानी घाइते बताएका थिए । उहाँको उपचारका क्रममा पछि मृत्यु भएको थियो ।

गोली चलेको समयमा टोकियो मेट्रोपोलिटन पुलिस फोर्सका एक प्रहरी र केही स्थानीय प्रहरी अधिकारीहरू आबेको नजिक थिए ।

यहाँ धेरै सुरक्षा विशेषज्ञहरूले यदि उनको सुरक्षा विवरणले आक्रमणकारीलाई दबाउन एकसाथ काम गरेको भए आक्रमण रोक्न सकिन्थ्यो वा कम्तिमा आबेलाई गम्भीर घाइते हुनबाट रोक्न सकिन्थ्यो भन्ने धारणा राखेका छन् ।

एनपीएका अनुसार, गोली काण्डको समयमा सुरक्षा उपायमा सबैभन्दा ठूलो त्रुटिमध्ये एक नाराको एक पुलिस अधिकारी आबेको भाषणको क्रममा आफ्नो स्थिति परिवर्तन गर्नु थियो । उनी आबेको पिठ्यूँ ढाक्ने क्रममा गार्डरेलको सानो क्षेत्र बाहिरबाट रेलभित्र गए, जहाँ प्रहरीले भीडतिर आफ्नो पिठ्यूँ फर्काए ।

स्थानीय प्रहरी अधिकारीले आफ्नो टोलीका नेता वा अन्य अधिकारीलाई आफ्नो गतिविधिबारे जानकारी नदिएको एनपीएले जनाएको छ । बिहीबार नारा प्रहरी प्रमुख तोमोआकी ओनिजुकाले पनि राजीनामा दिने घोषणा गर्नभएको थियो ।



**बाढीबाट जोगाउनका लागि निर्माण गरिएको तटबन्ध**

राजविराज । तिरुहत-बरमझिया जोड्ने सप्तरीको तिरुहत गाउँपालिका- १ धनपुरीस्थित मोहुली खोलामा बाढीबाट जोगाउन लागि बोरामा बालुवा हालेर निर्माण गरिएको तटबन्ध ।
*तस्बिर :रासस*

# विद्युत्‌को लापरवाहीले बालकले हात गुमाए, क्षतिपूर्ति दिन आनाकानी

कुश्मा । गत वैशाख ४ गते परीक्षा सकेर विद्यालयबाट आठ वर्षीय सनम परियार घर फर्कन्छन् । कुश्मा बजारको एक होटलमा सरसफाइको काम गर्ने आमा फूलमाया परियारले त्यस दिन काम सकेर घर फर्कँदा छोरालाई देख्नुहुन्न । सधैँजसो स्कुलबाट आएर खेल्न गएको होला ठानेर आफ्नो घरयासी काममा लागेकी उहाँलाई केही छिनमा कसैले "तिम्रो छोरोलाई करेन्ट लाग्यो, बेहोस भएको छ", भनेर फोन गरिदियो ।



यो खबरले उहाँ अर्धचेत अवस्थामा पुग्नुभयो । त्यसपछि छोरालाई चार महिना काठमाडौँको अस्पताल भर्ना गरियो । पछि फूलमाया छोरासँगै कुश्मा फर्कनुभएको छ । उपचारपश्चात छोराले नयाँ जिन्दगी पाएकामा फूलमाया मुस्कुराउन खोजे पनि छोराको अवस्था देखेर बेला-बेला भक्कानिनुहुन्छ । नेपाल विद्युत् प्राधिकरण पर्वत वितरण केन्द्रको लापरबाहीका कारण छोराको दाहिने हात नै काटेर फाल्नुपरेको छ ।

अतिविपन्न अवस्था भएकी फूलमायालाई छोराको भविष्यले चिन्तित बनाउने गरेको छ । "मेरो छोराको भविष्य बर्बाद भयो । अप्ठ्यारो र गाह्रो काम गरेर खान नसक्ने भयो", छेउमै रहेको छोरातिर आँशु भरिएका आँखाले हेर्दै भन्नुहुन्छ । उहाँको 'श्रीमान् बेपत्ता भएको पनि आठ वर्ष भइसक्यो । उहाँका दुई छोरी छन् । श्रीमान्‌ले छाडेर बेपत्ता भएका कारण बिहीबार सम्म पनि फूलमाया नागरिकताविहीन हुनुहुन्छ ।

सनम साथीहरूसँग खेल्नेक्रममा गुप्तेश्वर गुफा जाने बाटो छेउमै जोखिमपूर्ण अवस्थामा रहेको विद्युत् ट्रन्सफर्मरमा छुन पुग्दा उनलाई करेन्ट लागेको थियो । स्थानीयवासीले पटक-पटक जोखिमपूर्ण ट्रन्सफर्मर लाइनको बारेमा जानकारी गराए पनि विद्युत् प्राधिकरणले चासो नदेखाएकामा स्थानीयको आक्रोश छ ।

"बच्चाबच्चीले सजिलै भेट्ने ठाउँमा ट्रन्सफर्मर राख्नु नै विद्युत्‌को गल्ती हो", स्थानीय राजन गुरुङले भन्नुभयो, "कमसेकम तारबार लगाएर सुरक्षित तरिकाले राख्नुपर्थ्यो, त्यो गरेका छैनन् ।" घटना भएपछि पनि पहिलेकै जसरी जोखिमपूर्ण अवस्थामै ट्रन्सफर्मर छाडिएको छ । यसले थप दुर्घटना निम्तन सक्ने भएकाले स्थानीयमा त्रास छँदैछ । केही हप्ताअघि पनि विद्युत् प्राधिकरणकै लापरबाहीका कारण जलजला गाउँपालिकाको धाइरिङमा एक महिलाले ज्यान गुमाएकी थिइन् । अन्य धेरै स्थानीयवासी घाइते भएका थिए ।

घटना भएको समय विद्युत् प्राधिकरण पर्वत वितरण केन्द्र शाखाले लापरबाही भएको स्वीकार गर्दै क्षतिपूर्ति उपलब्ध गराउने बताए पनि अहिले भने क्षतिपूर्ति रकम दिन ढिलाइ गरिहरेको छ । "उपचार खर्चको बिल लिएर कार्यालय जाँदा उल्टै तपाईंको छोराको गल्ती छ भन्दै ठाडो जवाफ लगाउनु हुन्छ", फूलमायाले भन्नुभयो, "थप उपचारका लागि छोरालाई महिनैपिच्छे काठमाडौँ लानुपर्ने हुन्छ। विद्युत्‌ले पूर्ण उपचार सकिसकेपछि मात्र पैसा दिने हो भन्छ, मसँग पैसा छैन । छोराको थप उपचार कहाँको पैसाले गरुँ ?"

यता नेपाल विद्युत् प्राधिकरण पर्वत वितरण केन्द्रले सबै उपचार सकेपछि अन्तिममा मात्र एकैपटक बिलअनुसारको रकम दिन मिल्ने बताएको छ । "उहाँले अहिलेसम्मको उपचार खर्चको पैसा माग्नुभएको छ", पर्वत वितरण केन्द्रका प्रमुख शिवकुमार गोशेलीले भन्नुभयो, "उहाँले उपचार अझ बाँकी रहेको बताएका कारण हामीले उपचार सकेपछि मात्र रकम उपलब्ध गराउने भनेका हौँ", उहाँले किस्ताबन्दीमा उपचार खर्च उपलब्ध गराउन नसकिने बताउनुभयो ।

फूलमाया छोराको उपचारमा रु चार लाख खर्च भएको बताउनुहुन्छ। काठमाडौँको कान्तिबाल अस्पताल र साँघुको सुश्मा कोइराला मेमोरियल अस्पतालमा छोराको उपचार भएको उहाँको भनाइ छ। आफ्नो आर्थिक अवस्था देखेर अस्पतालले उपचारमा धेरै नै छुट दिएको उहाँले बताउनुभयो । "रु नौ लाखभन्दा बढी नै उपचार खर्च लागको थियो", उहाँले भन्नुभयो, "म रोइकराइ गरेपछि उहाँहरूले छुट दिनुभयो ।" रासस

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक दोहोरो अङ्कले ओरालो लागेको छ ।





नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १८ दशमलब ३० अङ्कले ओरालो लागेर दुई हजार ३९ दशमलव ५४ मा सीमित भएको छ ।

यस्तै ठूला कम्पनीको शेयर कारोबार मापक सेन्सेटिभ परिसूचक तीन दशमलव ७८ अङ्कले ओरालो लागेर तीन सय ९४ दशमलव ५१ मा सीमित भएको छ ।कुल दुई सय १९ कम्पनीको ४२ लाख ३४ हजार एक सय १७ कित्ता शेयर रु एक अर्ब ७१ करोड ७४ लाख ३६ हजार सात सय ४१ मूल्यमा खरिद बिक्री भएको छ ।

नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहको शेयर मूल्यमा नै गिरावट आएको छ । बैंकिङ चार दशमलव ८९, व्यापार २० दशमलव ७४, होटल तथा पर्यटन ४१ दशमलव ६४, विकास बैंक ५७ दशमलव ४८, जलविद्युत् ३७ दशमलव ३७, निर्जीवन बीमा २१ दशमलव ७३, उत्पादन ७९ दशमलव ९५, अन्य ३३ दशमलव ३३, लघुवित्त २७ दशमलव शून्य सात, जीवन बीमा ५८ दशमलव ५६, सामूहिक लगानी कोष शून्य दशमलव शून्य आठ र लगानी शून्य दशमलव ५२ अङ्कले ओरालो लागेको छ ।

नेप्सेका अनुसार बिहीबारको कारोबारका आधारमा हिमाल दोलखा हाइड्रोपावर शीर्षस्थानमा छ । सो कम्पनीको रु ११ करोड २४ लाख ६५ हजार दुई सय ६१ बराबरको कारोबार भयो । त्यस्तै रिडी हाइड्रोपावर रु नौ करोड ४१ लाख २८ हजार नौ सय ९२, नेस्डो समृद्धि लघुवित्त रु आठ करोड ३१ लाख ४० हजार दुई सय ७३, अरुण काबेली पावर कम्पनी रु सात करोड २८ लाख ६१ हजार नौ सय ६८ र राधी विद्युत् कम्पनी रु चार करोड ८३ लाख ७४ हजार छ सय ८५ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार अप्पर हेवाखोला हाइड्रोपावर नौ दशमलव नौ, रुरु जलविद्युत् कम्पनी आठ दशमलव ९३, नेष्डो लघुवित्त दुई दशमलव शून्य सात, ग्लोबल आइएमई बैंकको ऋणपत्र दुई र माछापुच्छ्रे बैंकको ऋणपत्रका लगानीकर्ताले एक दशमलव ९९ प्रतिशतले कमाएका छन् ।

त्यस्तै मैलुङखोला जलविद्युत् कम्पनी पाँच दशमलव ८२, मल्टिप्रपोज फाइनान्स कम्पनी चार दशमलव २७, खानीखोला हाइड्रोपावर कम्पनी चार दशमलव १८, सूर्योदय बोमी लघुवित्त चार दशमलव शून्य नौ र दोर्दीखोला जलविद्युत् कम्पनीका लगानीकर्ताले तीन दशमलव ८७ प्रतिशतले गुमाएका छन् ।रासस

# रु पाँच सयले बढ्यो सुनको मूल्य

काठमाण्डु । सुनचाँदी बजारमा बिहीबार छापावाल सुनको मूल्य प्रतितोला रु पाँच सयले बढेर रु ९५ हजार आठ सय तोकिएको छ ।

उक्त सुन अघिल्लो दिन प्रतितोला रु ९५ हजार तीन सयमा कारोबार भएको थियो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार बिहीबार तेजाबी सुनको मूल्य प्रतितोला रु ९५ हजार तीन सय छ । यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९४ हजार आठ सय थियो ।

त्यस्तै बिहीबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यको तुलनामा प्रतितोला रु १० ले बढेर रु एक हजार एक सय ७५ तोकिएको महासङ्घले जनाएको छ ।

महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको मूल्यको तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ ।रासस

# अझै प्रयोगमा आउन सकेन 'ग्यास प्लान्ट'

भजनी । कैलालीको टीकापुर नगरपालिकाले सामुदायिक चौपाया व्यवस्थापन गर्नकै लागि बायोग्यास प्लान्ट निर्माण गरेको छ । नगरपालिकाले सामुदायिक पशु चौपायाका कारण किसान निकै आजित भएपछि यसको व्यवस्थापन गर्ने उद्देश्यले प्लान्ट निर्माण गरेको हो । प्लान्ट निर्माण सम्पन्न भएको महिनौँ हुँदा पनि सञ्चालनमा आउन नसक्दा यसको हैरानी किसानले खेपेका छन् ।

चौपाया व्यवस्थापन गर्न नसक्दा किसानलाई मात्रै नभई सडकमा सवारीसाधन चलाउनेलाई पनि त्यति नै चुनौती बढ्दै गयो । "दिउँसोको भन्दा बढी जोखिम सवारी चलाउन राति छ।" बसचालक सुमन चौधरीले भन्नुभयो, "सडकको बीचमा आएर बसेका हुन्छन् । कतिपय ठाउँमा राम्रोसँग नदेखिँदा ठूलो दुर्घटना हुने जोखिम छ ।" बायोग्यास प्लान्ट निर्माण भएपछि बजारका चौपाया व्यवस्थापन हुने विश्वास आफूहरूको रहेको जनाउँदै उहाँले यथाशीघ्र सञ्चालनमा ल्याउन आग्रहसमेत गर्नुभएको छ ।

चौपाया व्यवस्थापन गरिएको क्षेत्रमा नगरपालिकाले चौपायाको गोबरबाट बायोग्यास उत्पादन गरेर स्थानीय विपन्न परिवारलाई वितरण गर्ने योजना बनाएको थियो । प्लान्ट निर्माण भएको महिनौ भइसक्दा पनि सञ्चालनमा आउन सकेको छैन । "प्लान्टको सम्पूर्णा काम सम्पन्न भएर स्थानीयको घरघरसम्म पाइप लाइन जडानको कामसमेत भएको महिनौँ भयो । अझै सञ्चालनको कुनै सुरसार देखिएको छैन ।" स्थानीय बलबहादुर विकले भन्नुभयो, "ग्यास प्लान्ट सञ्चालनमा आउन सकेको भए स्थानीयलाई राहत हुने थियो ।"

दुई सय घनमिटर क्षमताको बायोग्यास प्लान्टले उत्पादन सुरु गरेपछि आसपासका स्थानीयले दाउराका लागि गर्दै आएको वन विनाशको क्रम रोकिने विश्वास नगरपालिकाले गरेको छ । बायोग्यास उत्पादनका लागि सामुदायिक चौपायाको व्यवस्थापनमा नगरपालिका जिम्मेवार हुने भएपछि किसान खुसी देखिए पनि प्लान्ट छिटो सञ्चालनमा आउनुपर्ने स्थानीय मनोज चौधरी बताउनुभयो । बनेको संरचना प्रयोगमा आउनुपऱ्यो । बजार क्षेत्रका सामुदायिक चौपायाको व्यवस्थापन हुनुपऱ्यो भन्ने मात्रै हो ।" उहाँले भन्नुभयो, "यस्तै प्रयोगविहीन अवस्थामा रह्यो भने निर्माण भएको संरचना जीर्ण बनेर जानेमा पनि नगरपालिकाले समयमै सोच्नुपर्छ ।"



रु एक करोड ६० लाखको लागतमा प्लान्ट निर्माणको काम नेपाल ऊर्जा विकास कम्पनीले पाएको थियो । आर्थिक वर्ष २०७६/७७ भदौबाट सुरु भएको थियो । आयोजनाको काम निर्माण कम्पनीले नगरपालिका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको संयुक्त लगानीमा बायोग्यास प्लान्ट निर्माण भएको हो । ५५ घरधुरीलाई नगरपालिकाले खाना पकाउनका लागि उक्त बायोग्यास नागरिकको घरघरमा पुऱ्याएको छ । नगरपालिकाका इञ्जीनियर नवराज जोशीले यसबाट नगरपालिकाभित्रका सामुदायिक चौपाया व्यवस्थापनसँगै स्थानीयले ग्यास प्राप्त गर्नुका साथै खेतका लागि प्राङ्गारिक मलसमेत उत्पादन हुने बताउनुभएको छ ।

नगरपालिकाले उक्त बायोग्यास प्लान्टबाटै फोहरको व्यवस्थापन गर्ने तयारीसमेत गरेको छ। बजार क्षेत्रबाट सङ्कलन भएको सड्ने फोहरलाई ग्यास उत्पादनमा प्रयोग गर्ने र त्यसबाट प्रशोधन भएको बाँकी वस्तुलाई मल बनाएर किसानलाई सहुलियतमा वितरण गर्ने योजना रहेको नगर प्रमुख रामलाल डगौरा थारूले बताउनुभएको छ ।

उहाँले निर्माण कम्पनीले नगरपालिकालाई हस्तान्तरण नगरेका कारण सञ्चालनमा ढिलाइ भएको बताउनुभयो ।

"अब प्लान्टबाट ग्यास उत्पादन सँगसँगै प्राङ्गारिक मल उत्पादन पनि हुने छ। ग्यासका लागि चौपायाको बढीभन्दा बढी आवश्यकता पर्ने भएकाले त्यसलाई रोजगारीसँग जोडेर गाईबाट उत्पादन भएको दूधलगायतका वस्तुको बजारीकरणका लागि डेरी सञ्चालनको सोच बनाएका छौँ ।" उहाँले भन्नुभयो, "एकातिर चौपाया व्यवस्थापन पनि हुने र अर्कातिर विपन्न परिवारले सहुलियतमा ग्यास पाउने भएकाले पनि यो आयोजनालाई नगरपालिकाले विशेष महत्वका साथ लिएको छ ।"

नगर उपप्रमुख खडकबहादुर शाहले चौपायाको विकल्प पनि सोचेर बायोग्यास सञ्चालन गर्नुपर्ने भएका कारण ढिलाइ भएको बताउनुभएको छ। "सामुदायिक चौपायाको समस्या सधैं नरहन सक्छ। भोलि चौपाया नै यसरी नरहने अवस्था आउँदा करोडौंको लागतमा निर्माण भएको संरचनाको अवस्था के हुन्छ ?" उहाँले भन्नुभयो, "सोही क्षेत्रमा बृहत् फोहर व्यवस्थापन कार्यक्रमका लागि प्रदेश सरकारसँग छलफल भइरहेको छ। त्यो छलफलले पूर्णता पाएपछि फोहरलाई व्यवस्थापन गरेर बायोग्यास प्लान्टलाई दीर्घकालीनरूपमा अगाडि बढाउन सकिने छ।"

नगरपालिकाभित्रका सामुदायिक चौपायालाई वडा नं २ को खोटेना भिराखानी सामुदायिक वनमा व्यवस्थापन गरिँदै आएको छ, सोही ठाउँमा बायोग्यास प्लान्ट निर्माण गरेको छ । गौशालामा भएका चौपायाको अवस्था निकै नाजुक पनि छ । आहारको अभावमा दैनिक चौपाया मरिरहेका छन् । नगरपालिकाले चौपाया व्यवस्थापनका लागि बर्सेनि १५ देखि २० लाख बजेट खर्च गर्दै आएको छ । चालुआवमा पनि सामुदायिक चौपाया व्यवस्थापनका लागि रु २० लाख बजेट विनियोजन गरिएको छ ।रासस

# सानिमा बैंकले ल्यायो बुवाको मुख हेर्ने दिनको लागि छुट योजना





काठमाण्डु । सानिमा बैंकले बुवाको मुख हेर्ने दिनको अवसरमा विशेष छुट योजना ल्याएको छ ।

उक्त योजना अन्तर्गत ग्राहकहरूले रेडिसन हेटल (द पेस्ट्री शप), अकामा होटल, गिफ्टमाण्डू, केक मार्ट, बाजेको केक, ओनेक्स ट्रेडिङ (द बाइकफार्म नेपाल) र सोवा हेल्थकेयर सेन्टरमा छुट प्राप्त गर्न सक्नेछन् ।

बैंकको डेबिट/क्रेडिट कार्ड वा मोबाइल बैंकिङबाट साझेदारी मर्चेन्टहरूमा भुक्तानी गर्दा ग्राहकहरूले २० प्रतिशतसम्मको छुट प्राप्त गर्न सक्नेछन् ।

यसैगरी, कुनै पनि मर्चेन्टमा ग्राहकहरूले बैंकको मोबाइल बैंकिङबाट क्युआर कोडबाट भुक्तानी गर्दा १० प्रतिशत अधिकतम १०० रुपैयाँसम्मको छुट प्राप्त गर्न सक्ने बैंकले बताएको छ।

यो योजना भदौ ११ गते मात्र लागु हुनेछ । बैंकको देशका सातै प्रदेशमा १२७ वटा कार्यालय तथा १२० वटा एटिएम सञ्चालनमा रहेका छन् ।

# एक महिनामा ४१ अर्बको उद्योग दर्ता

काठमाण्डु । चालु आर्थिक वर्ष २०७९/८० को पहिलो महिना (साउन) मा ४१ अर्ब ५२ करोड मूल्य बराबरको उद्योग दर्ता भएको छ ।

गत आर्थिक वर्ष २०७८/७९ को सोही अवधिमा २५ अर्ब मूल्य बराबरको ३३ वटा उद्योग दर्ता भएका थिए ।

उद्योग विभागको तथ्यांक हेर्दा कुल उद्योगमध्ये ऊर्जामूलक पाँच, सूचना तथा प्रविधिमा आधारित दुई, उत्पादनमूलक पाँच, सेवामूलक र पर्यटनमूलक छ/छ वटा गरी २७ वटा उद्योग दर्ता भएका छन् ।

जसमा सफ्टवेयर डेभलपमेन्ट, कन्स्ट्रक्सन, बिस्कुट, पप, हाइड्रो तथा होटल खुल्ने भएका छन् ।

यी उद्योग सञ्चालनमा आएपछि दुई हजारले रोजगारी पाउने छन् ।

# मोरङको पेट्रोल खानी गौचरणमा परिणत

पथरी । तीन दशक बितिसक्दा पनि मोरङको पेट्रोल खानी सञ्चालनमा नआउँदा गौचरणमा परिणत भएको छ । नेपालमा पेट्रोलियम खानीको प्रचुर सम्भावना रहे पनि यकिन गर्न नसक्दा खानी गौचरणमा परिणत भएको हो ।

पेट्रोलमा परनिर्भर रहनुपरेको नेपालमा १० वटा खानी रहेका छन् । सन् २०१९ देखि चीन सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा दैलेखमा पेट्रोलियम पदार्थको विस्तृत अन्वेषण कार्य सुरु भएको हो ।

तर मोरङको बेलबारी नगरपालिका-८ बाहुनीमा रहेको खानी भने गौचरणमा परिणत भएको छ। खानीको अन्वेषणका निम्ति बनेका भवन र कच्चापदार्थ अवस्था जीर्ण बन्दै गएको छ। अन्वेषण गर्न बनेका भवन भग्नावशेष भई अन्वेषण गर्न ल्याएको कच्चा पदार्थसमेत नष्ट भएका छन् । विसं २०४५ मा सरकारको सहयोगमा एउटा निजी विदेशी कम्पनीले मोरङको बाहुनीमा पेट्रोल खानीको अन्वेषण त गऱ्यो तर सरकारले उक्त कार्यलाई निरन्तरता दिन नसकेका कारण गौचरणमा परिणत भएको स्थानीयवासी कुलबहादुर भण्डारी बताउनुहुन्छ ।

उक्त कम्पनीले छ महिना लगाएर साढे तीन किलोमिटरसम्म जमिन छेडेर अध्ययन गरेको थियो । ३४/३५ वर्ष बितिसक्दा पनि उक्त स्थानमा सरकारले कुनै काम नगरेको स्थानीयवासी यामप्रसाद तिम्सिना बताउनुहुन्छ । सरकारले खानी तथा भूगर्भ विभागले खानी अन्वेषण गर्न र सञ्चालनमा ल्याउने भन्दै स्थानीयवासीबाट ४.९६९ वर्गमिटर जमिन आफ्नो मातहतमा ल्याएको छ।

सरकारको बेवास्ताका कारण हाल उक्त स्थान जङ्गलमा परिणत भएको छ। सरकारको मुख्य समस्या भनेको पेट्रोलियम पदार्थ रहे पनि आफूसँग भएका खानी सञ्चालन गर्न नसक्नु हो । तीस वर्षदेखि उक्त स्थान गौचरणका रूपमा परिणत हुँदासम्म सरकारको ध्यान नगएको तिम्सिनाको गुनासो छ। विसं २०४५ मा चिनियाँ कम्पनीले आएर अनुसन्धान पूरा गरी नेपाल सरकारलाई जिम्मा लगाएको खानीका चौकीदार कपिलमणि रेग्मी बताउनुहुन्छ ।रासस

# राष्ट्रिय परिचयपत्र लिन घण्टौ कुर्नुपर्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लामा राष्ट्रिय परिचयपत्र बनाउन सेवाग्राहीले घण्टौं कुर्नुपर्ने र निःशुल्क पाइने सेवा भए पनि शुल्कसहित अनलाइनमा फाराम भरेर आउनुपर्ने बाध्यता छ। सोका कारण जिल्ला प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्र बनाउन आउने सेवाग्राहीलाई सास्ती भएको छ।

क्षीरेश्वरनाथ नगरपालिका- ५ महेन्द्रनगर निवासी अरबिन्द यादवले राष्ट्रिय परिचयपत्रका लागि विवरण भर्न तीन घण्टा पालो कुर्नुपरेको बताए। कार्यालयमा अत्यधिक भीड रहेको र अनलाइनमा फाराम नभरेकाले रु दुई सय तिरेर बाहिरबाट विवरण भर्नुपरेको उनको भनाइ छ। कता हो, के हो ? थाहा छैन, कार्यालयमा आउँदा बाहिर अनलाइन भर्नुपर्ने बाध्यता रहेको छ उनले भने।

वैदेशिक रोजगारीका लागि राहदानी बनाउनुपर्ने र त्यसका लागि राष्ट्रिय परिचयपत्र बनाउन आएको यादवले जानकारी दिए। नयाँ राहदानीका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेपछि अरबिन्द यादवजस्ता कैयौँ सेवाग्राही सास्ती भोग्न बाध्य छन्।

दैनिक दुई सय पचासदेखि तीन सय सेवाग्राही रहेकाले सेवा दिन कठिन भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। अनलाइनमा विवरण भरेर फोटो खिच्ने, ल्याप्चे लिनेलगायत काम गर्दा दैनिक दुई सयलाई सेवा दिन सकिने तर अनलाइन फारम बाहिर नभर्ने हो भने ५० देखि ६० जनाको मात्रै काम गर्न सकिने प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले बताए।

सरकारले चुनावको घोषणा गरेकाले राष्ट्रिय परिचयपत्र पनि मतदानका लागि आवश्यक पर्ने, सामाजिक सुरक्षा भत्ता लिन आवश्यक पर्छ भन्ने हल्ला फैलिएकाले हाल सेवाग्राही धेरै आएको हुँदा समस्या परेको उनले बताए। यो बनाएन भने वृद्धाभत्ता दिँदैन, भोट हाल्न पाइँदैन भन्ने हल्ला सुनेर, गाउँगाउँबाट गाडी रिजर्भ गरेर सेवाग्राही आउने गरेकाले एकैचोटी सेवाग्राहीको चाप हुँदा सेवा प्रवाहमा समस्या परेको छ' प्रजिअ पौडेलले प्रष्ट गरे।

अनलाइनबाट विवरण भरेर आउँदा एक सेवाग्राहीबाट छ देखि आठ मिनेट बचत हुने भएकाले अनलाइन भरेर आउन अनुरोध गरिएको उनले बताए। ज्येष्ठ नागरिक, निरक्षर व्यक्तिको भने कार्यालयका कर्मचारीले नै सबै विवरण भरिदिने गरेको कार्यालयले जनाएको छ। परिचयपत्रका लागि आवेदन फाराम भर्दा १६ वर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाणपत्र पाएका नागरिकले नामथर, जन्ममिति, लिङ्ग, आमाबाबुको नाम, ठेगाना, नागरिकताको किसिम, पतिपत्नी नाम, बाजेको नाम उल्लेख गर्नुपर्छ। यस्तै फारममा औँलाछाप (१० वटा), आँखाको नानी, तस्विर, राष्ट्रियता र हस्ताक्षर उपलब्ध गराउनुपर्छ। सरकारबाट नेपाली नागरिकलाई प्रदान गर्ने सेवासुविधालाई राष्ट्रिय परिचयपत्र प्रणालीमा आबद्ध गर्नाका साथै सो प्रणालीबाट प्राप्त हुने तथ्याङ्क तथा अभिलेख नीति एवं योजना निर्माणमा प्रयोग हुनेछ। यसले व्यक्तिको राष्ट्रिय पहिचानका साथै मतदाता परिचयपत्रका रूपमा काम गर्ने, सबै किसिमका सार्वजनिक सेवा प्राप्त गर्ने आधार बनाउन सहयोग मिल्नेछ। सामाजिक सुरक्षा कार्डका रूपमा यही कार्ड प्रयोग हुनेछ। यसले सुरक्षा व्यवस्थापनका लागि सहयोगी अभिलेखको काम गर्नेछ। अन्य सार्वजनिक सेवासँग राष्ट्रिय परिचयपत्र प्रणालीलाई आबद्ध गरेपछि सार्वजनिक सेवा प्रदायक निकायले झन्झट रहित छोटो समय र कम लागतमा सेवा प्रदान गर्न सम्भव हुनेछ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले जन्म, मृत्यु, बसाइँसराइ तथा अन्य कारणबाट व्यक्तिगत सूचनामा परिवर्तन भएमा सोही अनुसारको अभिलेख राख्ने प्रणालीको स्थापना तथा विकास गरेको छ। राष्ट्रिय परिचयपत्रलाई बहुउपयोगी प्रणालीका रूपमा सरकार र सरकारबीच (जीटुजी), सरकार र व्यवसायीबीच (जीटुबी) र सरकार र नागरिकबीच (जीटुसी) सेवा प्रदान गर्न उपयोग हुनेछ।

सोह्र वर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाणपत्र लिएका व्यक्तिले राष्ट्रिय परिचयपत्र लिन पाउँछन्। व्यक्तिको डिजिटल पहिचान स्थापना गर्न सरकारले यस्तो परिचयपत्रको अवधारणा ल्याएको हो।

विसं २०६६/६७ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमार्फत सबै नेपालीलाई राष्ट्रिय परिचयपत्रका रूपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटासहितको 'बायोमेट्रिक स्मार्ट कार्ड' व्यवस्था गरिने घोषणा भएको थियो। २०७६ माघ २८ मा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन जारी भएपछि पाँचथरका सेवाग्राही र सिंहदरबार परिसरका कर्मचारीलाई परिचयपत्र वितरणको परीक्षण भयो। तत्कालीन गृहमन्त्री रामबहादुर थापाले पाँचथरकी १०१ वर्षीय भगवतीदेवी भण्डारीलाई औपचारिक रूपमा राष्ट्रिय परिचयपत्र प्रदान गरेर कार्यक्रम सुरुवात गरेका थिए। अहिले आवश्यक पर्नेले ७७ वटै जिल्ला प्रशासन कार्यालयमा अनलाइन फाराम भरेर राष्ट्रिय परिचयपत्रका लागि विवरण सङ्कलन गर्न सक्ने सक्छन्।

**प्रशासनमा बिचौलियाको बिगबिगी**

कार्यालय अगाडि ९ बजेदेखि जम्मा हुने सेवाग्राहीले प्रशासन कार्यालयमा घण्टौं कुरेर परिचयपत्रको फारम बुझाएको महिना दिनपछि मात्रै नम्बर पाउने गर्छन।

यसरी परिचयपत्रको नम्बर पाउने प्रक्रियामा ढिलाइ हुने भएको हुँदा सेवाग्राही अहिले बिचौलियाको प्रलोभनमा फस्ने गरेका छन्। यता सेवाग्राहीले कर्मचारीकै मिलेमतोमा बिचौलियाले आफूहरूबाट अतिरिक्त रकम लिएको आरोप लगाउने गरेका छन। रकम बुझाएपछि मात्र छिटो परिचयपत्रको नम्बर पाउने भएपछि राहदानी बनाएर विदेश जानेहरूले बिचौलियाको सहयोग लिने गरेका छन्।

बिचौलियाले फारम भरेको दिनमै नम्बर उपलब्ध गराउने गरेका छन। प्रशासनभित्रको दुई क्यान्टिनको भित्री कोठा, कार्यालय आसपासको पसलमा एक दिनमै परिचयपत्रको नम्बर उपलब्ध गराउन सेवाग्राहीबाट रकम सङ्कलन गर्ने गरिन्छ।

परिचयपत्र नम्बर प्राप्त गरेका एक सेवाग्राहीले भने, सबै प्रक्रिया पूरा गरे पनि कर्मचारीले राष्ट्रिय परिचयपत्रको नम्बरका लागि सेवाग्राहीलाई महिना दिन कुराउँछन् तर तीन हजार अतिरिक्त रुपैयाँ दिए बिचौलियाले तुरुन्तै नम्बर उपलब्ध गराउँछन्। आफूले पनि त्यस्तै गरेकोले नम्बर प्राप्त गरे, मेरो काम बन्यो।' बुधबार जिप्रकाको प्राङ्गणमै कर्मचारीकै पोसाकमा रहेका एक बिचौलियाले राष्ट्रिय परिचयपत्रको नम्बर उपलब्ध गराइदिन रु तीन हजारमा बार्गेनिङ गरिरहेको देखिएको छ।

जनकपुरबाट बनाउन तीन हजार र महोत्तरीको रामगोपालपुरबाट बनाउन उनले सेवाग्राहीसँग रु दुई हजार पाँच सय माग्दै थिए। सोमबार बनाएको परिचयपत्र फाइलबाट निकाल्दै उनले भने,'पहिले दुई हजारमै बन्थ्यो। दुई/तीन दिनयता तीन हजार लाग्ने गरेको छ।' विश्वास नलागे काम सकिएपछि पनि पैसा दिँदा हुने उनको भनाइ थियो।

**लिखित उजुरी आए तत्कालै कारबाही गरिने : प्रजिअ**

बिचौलियाले आर्थिक चलखेल गरी कर्मचारीबाट काम गराएको गुनासो आए पनि लिखित उजुरी नआउँदा बिचौलिया पहिचान गर्न समस्या भएको प्रजिअ पौडेलले बताए। उनले भने, सेवाग्राहीको गुनासोको अधारमा एक कर्मचारीलाई निलम्बन गरिएको र दुई जनालाई स्पष्टीकरण सोधिएको छ।'

उनले गुनासोबाट हैरान भएको तर बिचौलिया चिनाइदिने कोही नआएको हुँदा र नाम किटान गरी उजुरी वा प्रमाणसहित बिचौलिया नचिनाएसम्म कसलाई कारबाही गर्ने भन्ने मुस्किल भएकोले लिखित उजुरी आए त्यस्ता बिचौलियालाई तत्कालै कारबाही गरिने जानकारी दिए।

# एक हजार बढीले बुझाए स्पष्टीकरण




**टुडे समाचारदाता**

राजविराज। निर्वाचन खर्च विवरण नबुझाएका यहाँका एक हजार तीन सय ६६ उम्मेदवारले जिल्ला निर्वाचन कार्यालयमा स्पष्टीकरण बुझाएका छन्।

कानूनले तोकेको ३० दिनको अवधिमा दुई सय ४६ ले मात्र निर्वाचन खर्च विवरण बुझाएकामा स्पष्टीकरण बुझाउने एक साताको अवधिमा एक हजार तीन सय ६६ उम्मेदवारले स्पष्टीकरण बुझाएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

अन्तिम दिन मङ्गलबार अबेर रातिसम्म एक हजार ५९ जनाले स्पष्टीकरण बुझाएको जिल्ला निर्वाचन अधिकारी रमेशकुमार जोशीले बताए। अन्तिम दिनको समेत गरेर एक सातामा एक हजार तीन सय ६६ उम्मेदवारले स्पष्टीकरण बुझाए, निर्वाचन अधिकारी जोशीले भने, भीडका कारणले अन्तिम दिन स्पष्टीकरणपत्र बुझ्ने काम मात्र भयो, आज फायलिङ्ग गरी व्यवस्थित गर्न लागेका छौं।'

गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा सप्तरीमा कुल आठ सय ५६ पदका लागि पाँच हजार पाँच सय ३५ जनाले उम्मेदवारी दिएका थिए। खर्च विवरण बुझाउनका लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना सार्वजनिक गर्दा र ताकेता गर्दासमेत खर्च विवरण बुझाउन नआउनेहरू अहिले एक साताको समयावधिमा लाम लाएर स्पष्टीकरण बुझाउन आएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी सरोज मेहताले बताए।

खर्च विवरण नबुझाउने र ढिलो बुझाउनेलाई निर्वाचन आयोगले साउन ३१ गते एक साताको समय दिएर स्पष्टीकरणसहितको प्रेस विज्ञप्ति जारी गरेको थियो। जिल्ला निर्वाचन कार्यालयले भदौ १ गते एक साताको समयावधि दिएर उम्मेदवारसँग स्पष्टीकरण सोधेको थियो। नर्वाचन आयोग ऐन २०७३ को दफा २५ को उपदफा १ र स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ (४) अनुसार निर्वाचन खर्चको विवरण निर्वाचन परिणाम घोषणा भएको मितिले ३० दिनभित्र बुझाउनुपर्ने व्यवस्था छ। निर्धारित समयमामा दुई सय ४६ जना र साउन मसान्तसम्ममा चार सय ८४ जनाले खर्च विवरण बुझाएको जिल्ला निर्वाचन कार्यालयको तथ्याङ्कमा देखिन्छ।

निर्वाचन आयोग ऐन २०७३ को दफा २६ को दफा १ ले अधिकतम हदभन्दा बढी खर्च गर्ने वा तोकिएको अवधिमा खर्च विवरण पेश नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई जरिवाना गर्न सक्ने व्यवस्था छ। निजले गरेको निर्वाचन खर्च वा आयोगद्वारा निर्धारित खर्चको हदमध्ये जुन बढी हुन्छ सोही बराबरको रकम जरिवाना गर्न सक्ने ऐनमा उल्लेख छ। सोही दफाको उपदफा २ मा कुनै निर्वाचन खर्चको विवरण पेश नगरेमा वा त्यही पेश भएको विवरणमा अस्वाभाविक वा निर्वाचनको स्वच्छतामा प्रतिकूल हुने गरी वा गैरकानूनी प्रयोजनका लागि गैरकानूनी तवरले खर्च गरेको देखिएमा आयोगले उम्मेदवारलाई त्यही गरेको खर्च बराबरको रकम वा रु पाँच लाखमध्ये जुन बढी हुन्छ सो बराबरको रकम जरिवाना गर्न सक्छ।

सोही दफाको उपदफा ३ मा भने जरिवाना छ महिनासम्म नबुझाउने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले तत्कालैदेखि लागु हुने गरी बढीमा छ वर्षसम्म कुनै पनि निर्वाचनमा भाग लिन रोक लगाउने वा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने छ। सोही दफाको उपदफा ५ मा आयोगले उपदफा ३ बमोजिम निर्णय गरेकामा त्यस्तो व्यक्ति निर्वाचित भएको रहेछ भने निजको निर्वाचन स्वतः बदर हुने व्यवस्थासम्म छ।

# धनुषामा जसपाको चुनावी अभियान तीव्र



**टुडे समाचारदाता**

जनकपुरधाम। जनता समाजवादी पार्टी नेपालले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई लक्षित गरि धनुषा जिल्लामा चुनावी अभियान तीब्र पारेका छन।

आसन्न निर्वाचनको लागि गतिविधि तिब्र पारेका जसपा धनुषाले विहीवार एकै दिन धनुषा निर्वाचन क्षेत्र नं. ३ र ४मा अगुवा कार्यकर्ता भेला सम्पन्न गरेको छ। स्थानीय तहको निर्वाचन पछि सुस्त बनेको पार्टी कमिटीहरुलाई पुनर्ताजगी दिने उद्देश्यका साथ अगुवा कार्यकर्ता भेलाहरुको आयोजना गरिएको जनाइएको छ।

आसन्न निर्वाचनको लागि सत्ता गठबन्धनबिच सिटबाँडफाँडको कुरा चलिरहेकै बेला जनता समाजवादी पार्टी नेपालले चुनावी गतिविधि बढाएका छन।

क्षेत्र नं. ४को अगुवा भेला विहीबार सम्पन्न भएको छ। उक्त भेलाले क्षेत्रीय अध्यक्षमा राजेश्वर यादव, प्रदेशसभा (क)मा प्रबोध यादव र (ख)मा राजेश्वर महतोलाई प्रदेशको अध्यक्षको जिम्मेवारी दिइएको छ।

जसपाका क्षिरेश्वरनाथ नगरपालिकाका अध्यक्ष दिनेश यादवको अध्यक्षतामा सम्पन्न सो भेलामा राजनीतिक समिति तथा केन्द्रीय सदस्य बालकिशोर यादव, केन्द्रीय प्रतिनिधि उर्मिला साह, राजनीतिक समिति र केन्द्रीय सदस्य राम गोविन्द यादव, केन्द्रीय सदस्य नानुमाया मोक्तान, प्रदेश उपाध्यक्ष शेषनारायण यादव, धनुषा जिल्ला इन्चार्ज चन्देश्वर महतो, जिल्ला सदस्य डा. शत्रोहन यादव र जिल्ला सदस्य सीताराम यादव (हनुमान) लगायतको उपस्थिति रहेको थियो।

भेलालाई सम्वोधन गर्दै उनीहरुले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा पार्टीका उम्मेदवारहरुलाई जिताउन रणनीति बनाउने र गठबन्धनका साथ जाने प्रतिवद्धता व्यक्त गरेका थिए। उनीहरुले सिटको बाँडफाँट नभएको अवस्थामा कुन क्षेत्रमा को उम्मेदवार बन्ने त्यसको कुनै सुनिश्चितता नरहेपनि तयारी अवस्थामा बस्न उनीहरुले नेता कार्यकर्तालाई आग्रह गरेका थिए। मधेशमा सवै भन्दा बढी सिटमा जित्ने दावी गर्दै उनीहरुले मधेशमा पुनः मधेश सरकार गठन हुने दावी समेत गरेका थिए।

मधेश आन्दोलनको जगमा स्थापना भएको संघीयताको जननी मधेश प्रदेशनै रहेको भन्दै उनीहरुले मधेश प्रदेशमा सवै भन्दा बढी सिट जसपालेनै पाउने दावी गरेका थिए।

त्यस्तै विहीबारनै धनुषा निर्वाचन क्षेत्र नं. ३का क्षेत्रीय अध्यक्ष युगलकिशोर यादवको अध्यक्षता एवं जसपा संसदीय समिति सदस्य वालकिशोर यादवको प्रमुख आतिथ्यमा सम्पन्न भेलाले चुनावी अभियानलाई तीब्र बनाउन क्षेत्रीय कमिटीहरुलाई पुनर्गठन गरेको छ।

क्षेत्र नं. ३ स्तरीय क्षेत्रीय कमिटीको अध्यक्षमा युगल किशोर यादव पुनः चयन भएका छन भने प्रदेश सभा स्तरीय क्षेत्र नं. ३को (क)मा जयकुमार यादव र (ख)मा सुमित शेखर साह संयोजकको जिम्मेवारी पाएका छन। समितिको अन्य पदाधिकारी एवं सदस्य चयनको जिम्मा संयोजकहरुलाई नै दिइएको जसपा प्रदेश समितिका सचिव जितेन्द्र कुमार यादवले जनाएका छन।

भेलामा नगर तथा गापा अध्यक्षहरुले आ-आफनो स्थानीय तहमा पार्टीको अवस्थाबारे ब्रिफिङ्ग गर्दै अगामी रणनितीबारे आ-आफनो धारणा राखेका थिए। चुनावी अवस्थाबारे गहन छलफल गरेको भेलाले भदौ मसान्त भित्र सबै कमिटीहरुको गठन पुनरगठन गर्ने निर्णय गरेको छ।

भेलामा राजनीतिक समिति सदस्य लालकिशोर साह, उर्मिला महतो, केन्द्रिय सदस्य बेचन मुखिया, प्रदेश सचिव जितेन्द्र यादव सहित प्रदेश समितिका सदस्यहरु, जिल्ला अध्यक्ष पशुपति यादव सहित जिल्ला समितिका पदाधिकारी एवं सदस्यहरु , जनकपुरधाम उपमहानगर समितिका अध्यक्ष विष्णुदेव साह लगायत क्षेत्र नं. ३का चारवटै पालिकाका अध्यक्ष एवं सबै वडाका वडा अध्यक्षहरु सहित क्षेत्रका अगुवा कार्यकर्ताहरुको सहभागिता रहेको थियो।

# आइसियू सेवा सञ्चालन गर्न सम्झौता

**टुडे समाचारदाता**

बर्दिबास । बर्दिबास अस्पतालले आइसियू (सघन उपचार कक्ष) सेवा सञ्चालन गर्ने भएको छ। काभ्रेपलाञ्चोकको धुलिखेल अस्पतालले भेन्टिलेटर र आइसियू सञ्चालनका लागि दक्षजनशक्ति उपलब्ध गराउने भएपछि बर्दिबास अस्पतालमा सो सेवा विस्तार गर्न लागेको हो।

पछिल्ला दिनमा सर्पदंशका गम्भीर प्रकृतिका बिरामी सघन उपचार सेवा नपाएर अकालमा मृत्युवरण गर्नुपर्ने अवस्था देखिएको छ। हामीले गत साउनमै स्वास्थ्य सेवा विभागबाट भेन्टिलेटरसहितका स्वास्थ्य उपकरण पायौँ, भर्खरै धुलिखेल अस्पतालसँग भएको सहकार्यले दक्षजनशक्ति पाइने भएको छ' बर्दिबास नगर प्रमुख प्रल्हादकुमार क्षेत्रीले भने 'अब अस्पतालमा भेन्टिलेटर सुविधासहितको सघन उपचार कक्ष सञ्चालन हुनेछ।'

बर्दिबास नगरपालिका र धुलिखेल अस्पतालबीच बर्दिबास अस्पताल सञ्चालनार्थ पाँच बर्षे आयोजनामा सम्झौता समेत भएको छ। ती दुई निकायबीच स्वास्थ्य सेवा, शिक्षा र अनुसन्धानको विकास र विस्तारसम्बन्धी १० बुँदे सम्झौता भएको हो। सम्झौतापत्रमा नगर प्रमुख क्षेत्री र धुलिखेल अस्पतालका सामुदायिक कार्यक्रमका निर्देशक डा विराज कर्माचार्यले हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार स्वास्थ्य सेवा कार्यक्रमको विस्तृतिकरण, प्राविधिक सहयोग, जनशक्तिलाई तालिम, अस्पतालले प्रदान गर्ने स्वास्थ्य सेवाको निश्चितता र गुणस्तर कायम गर्न सहयोग गर्नुको साथै बर्दिबास अस्पतालमा (आईसियू) सञ्चालनका लागि तत्काल धुलिखेल अस्पतालले दक्ष चिकित्सक र आवश्यक जनशक्ति दिने र आपसी सहकार्य बढाइने उल्लेख छ।

# किसानहरु रोपाइँ सम्पन्नले रमाउँदै



**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहाका किसानहरु यसवर्ष आफ्ना अधिकांश जग्गामा रोपाइँ सम्पन्न भएपछि रमाएका छन्। धनगढीमाई नगरपालिका- १२ का किसान सुबोध महतोले भने 'सिँचाइको माध्यमबाट भएपनि समयमै रोपाइँ सम्पन्न भयो।' तर यसवर्ष वैकल्पिक सिँचाइका लागि भूमिगत जलस्रोत र सिँचाइ विकास डिभिजन कार्यालय लहानले 'डिप ट्यूबेल' जडान गरेपछि खेती गर्न सहज भएको उनको भनाइ छ।

अघिल्लो सिँचाइको अभावमा करिब एक बिघामा मात्र धान खेती गर्न सकेको उनले यसवर्ष भने दुई बिघा क्षेत्रफलमा धानबाली लगाएको जानकारी दिए।

यस्तै सिरहाकै नरहा गाउँपालिका- ५ बलुवाका किसानकारी यादवलाई पनि यसवर्ष धानबाली लगाउन समस्या भएन्। उनले पनि साउनको पहिलो साता नै धान रोपाइँ गरेर थमान मेटाइरहेको बताए।

अघिल्लो वर्ष जस्तो यसवर्ष खेती गर्न पानीको कुनै समस्या भएन उनले भने,'यसवर्ष डिप ट्युवेलबाट पानी आएपछि समयमै धान रोपाइँ गरे, खासै पानीको दुःख भएन्।' महतो र यादव मात्र होइन्, विगतको वर्षमा खेतीका लागि आकाशे पानीको भरपर्दै आएका सिरहा र सप्तरीका किसानको सिँचाइको समस्या विस्तारै टर्दै गएको छ।

अन्नबालीको भण्डार मानिएको सिरहा र सप्तरीमा बर्सेनि खडेरीको माग खेप्दै आएका किसानलाई राहत पुऱ्याउने उद्देश्यका साथ भूमिगत जलस्रोत र सिँचाइ विकास डिभिजन कार्यालय लहानले डिप ट्यूवेल, स्यालो ट्यूवेल र पावर ड्रिल जडान गरेपछि आफूहरुको सिँचाइको समस्या टर्दै गएको किसानले बताएका छन्।

भूमिगत जलस्रोत र सिँचाइ विकास डिभिजन कार्यालय लहानले आर्थिक वर्ष २०७८/७९ मा सिरहा र सप्तरीमा थप दुई हजार ८४० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार भएको जनाएको छ। सिँचाइका लागि आर्थिक वर्ष २०७८/७९ मा सिरहा र सप्तरीमा ४५ थान डिप ट्युवेल र ३५ थान पावर ड्रिल जडान गरेपछि सिञ्चित क्षेत्र बढ्केको कार्यालय लहानका कार्यालय प्रमुख सुदर्शन अधिकारीले जानकारी दिए।

उनका अनुसार आर्थिक वर्ष २०७८/७९ मा जडान गरिएको डिप ट्युवेल र पावर ड्रिलबाट थप सिरहामा एक हजार आठ सय ४८ हेक्टर र सप्तरीमा नौ सय ९२ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। एक थान डिप ट्यूवेलबाट ६० हेक्टर र पावर ड्रिलबाट चार हेक्टरमा सिँचाइ हुन्छ। आर्थिक वर्ष २०७८/७९ मा सिरहामा २९ थान र सप्तरीमा १६ थान गरी ४५ थान डिप ट्यूबेल जडान गरिएको सो कार्यालयका हाईड्रोजियोलिष्ट दीपीका साहले जानकारी दिए। सिँचाइ सुविधा पुऱ्याएर कृषिजन्य वस्तुको उत्पादनमा वृद्धि ल्याउने उद्देश्यले सो कार्यालयले आर्थिक वर्ष २०७८/७९ मा सिरहामा २७ थान र सप्तरीमा आठ थान पावर ड्रिल समेत जडान गरिएको हाईड्रोजियोलिष्ट साहले बताए।

यस्तै सो अवधिमा १४ वटा पम्पको मर्मत गरी पुनः सञ्चालनमा ल्याएको, १८ वटा वितरण प्रणाली तथा घर निर्माण गरिएको उनको भनाइ छ। सो आर्थिक वर्षमा सिरहा र सप्तरीका ११ थानमा विद्युतीकरण पम्प जडान गरिएको जनाएको छ।

गत आर्थिक वर्ष २०७७/७८ मा सो कार्यालयले सिरहामा ४० थान र सप्तरीमा आठ थान पावर ड्रिल जडान गरेको थियो। उक्त आर्थिक वर्षमा सिरहामा छ थान र सप्तरीमा १५ थान गरी २१ थान स्यालो ट्यूबेल समेत जडान गरिएको थियो।

किसान समूहमा आवद्ध भएका किसानको माग र सरकारले छनोट गरेको योजना अनुसार सिरहा र सप्तरीमा डिप ट्युबेल, स्यालो ट्युवेल र पालर ड्रिल जडान गर्दै आएको प्रमुख अधिकारीको भनाइ छ। यसरी बर्सेनि डिप ट्युवेल, स्यालो ट्युवेल तथा पावर ड्रिल जडान हुन थालेसँगै सिञ्चित क्षेत्र बढ्दै गएको स्थानीय किसानले बताएका छन्।

"पहिला सिञ्चित क्षेत्र कम रहेकाले वर्षाको भरमा मात्र किसानले खेती गर्दै आएको थियो", धनगढीमाई नगरपालिकाका किसान श्याम महतोले भने," तर डिप ट्यूवेल र स्यालो ट्यूवेल जडान गर्ने क्रम बढ्देसँगै विस्तार सिचिञ्त क्षेत्र बढ्दै गएको छ।" यसबाट खेती गर्न सहज भइरहेको उनको भनाइ छ।

# लोपोन्मुख अजिङ्गरको उद्धार



**टुडे समाचारदाता**

राजविराज। सप्तरीको कंचनरुप नगरपालिका-१० बदगामामा फेला परेको ठूलो खालको अजिङ्गरलाई विहीबार उद्धार गरिएको छ। स्थानीय डम्बरखडगा यादवको फुसको घरकोमाथि चारमा रहेको उक्त अजिङ्गरलाई उद्धार गरिएको हो।

सबडिभिजन वन कार्यालयबाट गएको टोलीले अन्दाजी छ/सात फिट लामो लोपोन्मुख अजिङ्गरलाई उद्धार गरिएको वन कार्यालयका प्रमुख रामदेव चौधरीले जनाकारी दिए।

करिब १० केजीको उक्त अजिङ्गरलाई उद्धार गरी कोसी टप्पु वन्यजन्तु आरक्षणस्थित कोसी नदीको पानीमा छाडिएको उनले बताए। नेपाली सेना, नेपाल प्रहरी र स्थानीय गाउँले पनि उद्धारमा खटिएका थिए।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८